**सम्मानित गाउँसभाका सदस्य महोदय,**

१. अजयमेरु गाउँपालिकाको अध्यक्षको हैसियतले सम्मानित गाउँसभाको १५ औं अधिबेशनमा आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र नेपाली नागरिकहरूको स्वतन्त्रता,न्याय, राष्ट्रियताका पक्षमा भएका आन्दोलन र जनयुद्ध मार्फत जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता, घाइते, जेलबन्दि तथा राजनीतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रतिहृदयको गहिराईबाट नमन गर्दछु, तिनका आश्रित परिवारजनमा सम्मान ब्यक्त गर्न चाहन्छु।देशमा राजनितिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागण सहित सम्पूर्ण नेपालीमा कृतज्ञता व्यक्त गर्दछु ।

३.अजयमेरु गाउँपालिका नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न नेपाल सरकार र प्रदेश सरकार संग समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त बमोजिम सुशासन तथा सामाजिक न्याय सहितको समाजबाद उन्मुख आर्थिक सामाजिक रुपान्तरणका लागि यहाँका जनताको राज्य प्रति आसा र भरोसा जगाउने गरि आफ्ना निति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ।

४. संविधान कार्यान्वयन, संघियताको सवलिकरण, उत्पादन र उत्पादकत्व वृद्धि, नागरिक सेवा प्रवाहमा सुधार र सवलिकरण तथा भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिदै“समृद्ध अजयमेरु” निर्माण गर्न अजयमेरु गाउँपालिका दृढ संकल्पितछ।

**सम्मानित गाउँसभाका सदस्य ज्यूहरु,**

अब म आर्थिक बर्ष २०८०/८१ मा घोषित नीति तथा कार्यक्रम अन्तर्गत भएका उपलब्धिहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु,

- कक्षा (१-८) स्थानीय पाठ्यपुस्तक लेखन कार्य सम्पन्न भइ स्थानीय पाठ्यपुस्तक छपाइ गरि निःशुल्क रुपमा वितरण गरी सबै विद्यार्थीको हातमा समयमै पुगाईएको छ ।
- विज्ञान प्रयोगशाला १ ओटा र ई—पुस्तकालय १ गरि जम्मा २ ओटा बिद्यालयमा व्यवस्थापन कार्य सम्पन्न भएको छ ।
- शिक्षकहरुको पेसागत विकासका लागी ICTक्षमता विकास सम्बन्धी तालिम सम्पन्न भएको छ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि निःशुल्क सेनेटरी प्याड वितरण गरिएको छ,
- वाल विकास देखि ५ कक्षा सम्म अध्ययनरत विद्यार्थीहरुका लागि दिवाखाजा कार्यक्रम संचालन गरिएको छ।
- १-८ मा अध्ययनरत छात्रा, दलित छात्र र अपाङ्गहरुका लागि छात्रवृति लगायतकाकार्यक्रमहरु सम्पन्न भएका छन्,
- प्र.अ. बैठक तथाशिक्षा समिति बैठक सञ्चालन
- शैक्षिक बुलेटिन तयार गरिएको छ ।
- स्वयंसेवक शिक्षकको निरन्तरतादिइएको छ ।
- MBBSअध्ययन छात्रवृत्ति प्रदान गरिएको छ ।
- आधारभूत तहउत्तीर्ण परीक्षा र विद्यालय स्तरीय परीक्षा एकरुपताका साथ सञ्चालन गरिएको छ ।
- गरिव तथा जेहेनदार विद्यार्थीलाईछात्रवृत्ति वितरण कार्य सम्पन्न गरिएको छ ।
- शैक्षिक क्यालेन्डर निर्माण गरी निःशुल्क वितरण गरिएको छ ।
- जीवन रक्षाकेन्द्रसँगको साझेदारीमा २ वटा विद्यालयमा दिवा खाजालाई व्यवस्थित गरिएको छ ।

- प्रदेशबाट विभिन्न विद्यालयमा घेरबार तथा भवन निर्माण कार्य सम्पन्न गरिएको छ ।
- गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा सञ्चालन गरिने सबै परीक्षाका प्रश्नपत्रहरु मापदण्ड अनुसार तयार गर्न सबै शिक्षकको हातहातमा पुग्ने गरी बिशिष्टीकरण तालिका र नमूना प्रश्नपत्र छपाइ वितरण गरिएको छ ।
- विद्यालय स्तरीय वालक्लब गठन पश्चात गाउँपालिका स्तरीय वालसञ्जाल गठन कार्य सम्पन्न गरिएको छ
- विद्यालयमा सिकाइ आपुरण तथा द्रुत सिकाइ ( ReAL Plan ) योजना सम्बन्धी Base Line र End line का क्रियाकलाप सम्पन्न गरि विद्यार्थीको सिकाइ आपुरण गरिएको छ ।
- "शिक्षामा गरिने खर्च, खर्च होइन लगानी हो"भन्ने मूल नाराका साथ शिक्षक, अभिभावक,विद्यार्थि लगायतका सरोकारबालाको सहभागितामा गुणस्तरीय शिक्षाका लागि शैक्षिक सम्मेलन २०८१ सम्पन्न गरि २९ बुदें प्रतिबद्धता पत्र जारि भएकोछ ।
- गणित विषयको सिकाइ उपलब्धी अभिवृद्धि गर्नका लागि गणित विषयका शिक्षकको सहभागितामा गणित सम्मेलन सम्पन्न गरि २९ बुदें प्रतिबद्धता पत्र जारि भएकोछ ।
- विद्यार्थि संख्या कम भएका ९ ओटा विद्यालयको तह मिलान गरिएको छ ।
- आधारभूत बिधायालय स्तरीय दोस्रो उपराष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अजयमेरु गाउपालिका स्तरीय पाँचौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, जिल्ला स्तरीय १४ औ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भई तेस्रो स्थान प्राप्त गर्न सफल भई प्रदेश स्तरिय १४औ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा अजयमेरु गाउँपालिकाबाट २० जना खेलाडीहरुले प्रतिस्पर्धा गरेका छन ।

- राष्ट्रपति र उपराष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागी विद्यालयहरुलाई नगद सहित प्रोहत्सान गरिएको ।
- शिक्षक कर्मचारी मैत्रीपूर्ण भलिबल प्रतियोगिता संचालन गरिएको,
- बागमती प्रदेशले आयोजना गरको अन्तर प्रदेश स्तरिय प्रतियोगितामा यस गाउँपालिकाका एथलेटिक्स खेलाडी टेकेन्द्र बहादुर चन्दले अजयमेरु गाउँपालिकाको प्रतिनिधित्वगर्दै सुदूरपश्चिम प्रदेशबाट सिनियर टिममा सहभागी भएका छन ।
- अजयमेरु गाउँपालिकाबाट बिभिन्न संघ संस्थाहरुले आयोजना गरेका खेलकुद प्रतियोगिताहरु (क्रिकेट, भलिबल, एथलेटिक्स, म्याराथन, हाफ-म्याराथन र कराते) मा खेलाडीहरु सहभागिता गराउनका साथै खेलाडीहरुले नगद, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन ।
- ५६ औ राष्ट्रिय कराँते प्रतियोगिता तयारीको सिलसिलामा जेठ ४ र ५ गते धनगढीमा भएको प्रदेश स्तरिय कराँते प्रतियोगितामा १५ जना खेलाडीले सहभागी जनाएका थिए जस मध्ये सिता विष्टले आफ्नो तौल समूहमा ५६ औ राष्ट्रिय कराँते प्रतियोगितामा प्रतिस्पर्धा गरेकी छन ।
- खेलाडीको वृद्धि विकास गर्नका लागि गाउँपालका स्तरिय अध्यक्ष कप खुल्ला पुरुष भलिबल प्रतियोगिता र वडा स्तरिय महिला कबड्डी प्रतियोगिता सञ्चालन गरि सम्पन्न भएको छ ।
- अजयमेरु गाउँपालिका र भागेश्वर गाउँपालका बिच अन्तरपालिका स्तरिय मैत्रिपूर्ण खेलकुद प्रतियोगिता सम्पन्न भएकोछ ।
- अजयमेरु गाउँपालिकामा कार्यरत प्रशिक्षकहरुलाई प्रशिक्षणमा पठाउनका साथै नेपाल कराँते महासंघ र एसियन कराँते महासंघले लिएको प्रशिक्षकको परिक्षामा पास भई अन्तराष्ट्रिय प्रशिक्षकको प्रमाण-पत्र प्राप्त गरेका छन।
- अजयमेरु गाउँपालिको केन्द्र भद्रपुरमा आधारभूत अस्पतालमा MBBS डाक्टर सहित भिडियो एक्सरे र ECG सेवा सहित आँखा उपचार केन्द्र र पञ्चकर्म

सेवा तथा पूर्वकर्म सेवालाई थप प्रभावकारी ढंगले सञ्चालनमा ल्याईएको छ ।

- वडा नं. ३,४, ५ र ६  लाई पूर्ण संस्थागत सुत्केरी सुनिश्चित वडा घोषणा गर्न लाइन लिस्टिङ को कार्य चलिरहेको छ ।
- वडामा सञ्चालितOTC सेवा अन्तर्गत कडा सिघ्र कुपोषणका ७ रमध्यम सिघ्र कुपोषणका ५ लाई भर्ना गरि उपचार गरिएको छ ।
- अध्यक्षको चाहना स्वस्थ र निरोगी जनता भन्ने नाराका साथ ६० वर्ष उमेर पुगेका गाउँपालिकाका सबै बस्तीका नागरिकलाई जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरु घर घरमा पुगी सेवा प्रवाह गरिएको छ ।
- ६ वटै वडालाई पूर्ण खोप सुनिश्चित वडा घोषणा गरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्न आवश्यक प्रक्रिया अगाडी बढेको छ ।
- पालिकामै कोल्डचेन सवसेन्टर स्थापना गरी बालबालिकालाई खोप सेवा सञ्चालन गरिएको छ ।
- गाउँपालकिाको सदरमुकामा निःशुल्क आखाँ अपरेशन शिविरबाट मोतिबिन्दु तथा आँखामा मासु पलाएको ४८ जनाले सेवा प्राप्त गर्नुका साथै  तथा निःशुल्क ३०० वटा चस्मा वितरण गरिएको छ ।
- विशेषज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर अजयमेरु गाउँपालिकाका सम्पूर्ण वडाहरु तथा दुर्गम बस्ति भुल्कुडा र खतेडा सामुदायिक स्वास्थ्य ईकाइ हरुमा संचालन गरियो उक्त शिबिरमा मुटु रोग बिषेशज्ञ स्त्रीरोग बिषेशज्ञ तथा अर्थोपेडिक सर्जन लगायतका चिकित्सकहरुको संलग्नतामा २३७५ जनाले स्वास्थ्य सेवा प्रदान गरियो ।
- देवल स्वास्थ्य चौकीबाट एम्बुलेन्स सेवा निरन्तर संचालनमा रहेको छ ।
- रोल्ली सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण कार्य भइरहेको छ ।
- आपूर्ती व्यवस्थापन महाशाखा र प्रदेश आपूर्ती केन्द्रबाट Oxygen Concentrator, phototherapy machine,suction machine, Delivery bed, Radiant warmer, Peri Light, Medfery kit, Ultrasound Machine लगायतका

उपकरणहरु लाइ स्वास्थ्य संस्थाहरुमा हस्तान्तरण गरि सेवा प्रबाह गरिएको छ ।

- स्वास्थ्य कार्यालय डडेल्धुराको सहयोगमा भुलकुडा सामुदायिक स्वास्थ्य इकाइमा प्रजनन स्वास्थ्य शिबिर र मणिलेक मा बि मा नाक कान घाटी शिबिर सञ्चालन गरिएको छ ।
- वडा नम्बर ६ अन्तर्गतका महिला स्वयंसेविका र टोल संयोजकलाई फिल्ड किट वितरण कार्य सम्पन्न भएको छ ।
- वडा नं. ६ को कार्यालयमा नाग धारा निर्माण कार्य सम्पन्न गरिएको छ।
- गाउँ घर डाक्टर, मोबाइल भिडियो एक्स-रे सेवालाई निरन्तरता दिइएको छ।
- स्वयम सेविकालाई चाँडबाड खर्च नियमित रुपमा प्रदान गर्दै आएको छ।
- नसर्ने रोगको स्क्रनिङ स्वास्थ्य शिबिर गाउँपालिकाका सम्पूर्ण बस्तिमा स्वास्थ्य कर्मीहरु गइ संचालन गरि २८७७ जनाको स्क्रिनिङ गरियो ।
- दादुरा रुबेला खोप अभियान तथा आइ. पि. भि. राष्ट्रिय अभियान यस गाउँपालिकामा पनि सफता पूर्वक संचालन गरियो ।
- चिपुर स्वास्थ्य चौकीमा आवश्यक फर्निचर ब्यवस्थापन तथा घेरबार, शौचालय निर्माण र आवासको मर्मत गर्ने कार्य गरियो ।
- सबै स्वास्थ्य संस्थामा स्वास्थ्य कार्यालयको प्राबिधिक सहयोगमा डाटभेरिफिकेन तथा तथ्याङक सुधार कार्यक्रम संचालन गरि आवश्यक पृष्ठ पोषण प्रदान गरियो ।
- वडा नं. २ र ६ का दुर्गम वस्ती चोरलेक र गुवाडीमा सामुदायीक स्वास्थ्य केन्द्र इकाइ स्थापन गर्न आवश्यक जनशक्ति भर्ना गरिएको छ ।
- गाउँपालिकामा ७ दिने निःशुल्क योग शिविर सञ्चालन गरि १०० जना भन्दा बढिलाई योग अभ्यासको शिक्षा प्रदान गरियो ।
- चमडा स्वास्थ्य चौकीमा भिडियो एक्स रे मसिन जडान गरियो ।
- जेष्ट नागरिक संग जयराज कार्यक्रम अन्तर्गत जेष्ट नागरिकहरुलाई निःशुल्क वितरणको कार्य प्रारम्भ गरियो।

- वडा नं १ मा पोषण मैत्रि वडा घोषणा कार्यक्रम अन्तर्गत फिल्टर वितरण गरि समैजी स्वास्थ्य चौकीलाई पोषणमैत्रि संस्थाघोषणा गरियो ।
- क्षयरोग मुक्त अभियानलाई सफल पार्नको लागी गाँउपालिका भित्रका सबै वडाहरुमा २८ जना क्षयरोग मुक्त अभियान स्वयंसेवकहरु छनोट गरी ,छनोट भएका सबै स्वयंसेवकलाई कार्यक्रमको लक्ष तथा उद्वेश्यको बारेमा छलफल तथा अभिमुखिकरण गरियो।
- यस अजयमेरु गाँउपालिका सबै वडाहरुबाट पत्ता लागि उपचारको दायरामा आएका १२ जना क्षयरोगिका बिरामिलाई सहयोग स्वरुप तिन हजार बाराबरको पोषणयुक्त खानेकुरा वितरण गरियो ।
- गाँउपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाहरुमा "**हो हामि क्षयरोगको अन्त्य गर्छौं**"(YES,WE CAN END TB) भन्ने मुल नाराका साथ क्षयरोगको स्क्रिनिङ्ग शिबिर संचान गरी जम्मा १२,००० जनसंख्यालाई क्षयरोगको स्क्रिनिङ्ग गरियो साथै ३७० जना व्यक्तिलाई लक्षणको आधारमा क्षयरोगको संम्भावित व्यक्ति भनि छनोट गरियो ।
- छनोट भएका ३७० जना मध्ये २९० जनाको खकार संकलन गरी चेक जाँचका लागि भद्रपुर आधारभुत अस्पताल र डडेल्धुरा अस्पतालमा पठाई जाँच गरियो ।
- जाँच गरेका २९० जना मध्ये २ जनाको खकारमा क्षयरोगका किटाणु देखा परेकाले हुदा दुबै जना लाई उपचारको दायरामा ल्याई औषधि खुवाईयो ।
- क्षयरोग मुक्त अभियान स्वयंसेवकहरुलाई परिचालन गरी ५ बर्ष भन्दा माथिका १०,९०० व्यक्तिहरुलाई जुकाको औषधी खुवाउने कार्यक्रम सम्पन्न गरियो ।
- जातीय विभेद अन्त्य सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- सरदकालीन आलुको बिउ ५०% अनुदानमा ४२० क्विन्टल आलुको बिउ वितरण गरी व्यवसायिक आलु खेती प्रवर्धन गरियो।

- ४० ओटा प्लास्टिक टनेलभित्र तरकारी खेती गरि तरकारीमा आत्मनिर्भर बन्ने कार्य सम्पन्न भएको छ
- ११ वटा साना सिंचाई कार्यक्रम मार्फत तरकारी पकेट क्षेत्रको निर्माण गरियो ।
- प्रत्येक वडामा मागमा आधारित कार्यक्रम अन्तर्गत मौरी, पोखरी, पोलिहाउस निर्माण, विउ वितरण कार्यक्रम संचालन गरिएको,
- वडा नं.३, ४ र ६ मा मौरी गोलासहित घार वितरण,
- वडा नं. २ मा अनार खेति प्रबर्द्धन अन्तर्गत घेरबार गरिएको।
- वडा नं. ४ मा चैते धान खेतिको सुरुवात गरिएको।
- फौंजी किरा नियन्त्रण तथा रोकथामको लागि आवश्यक कदम चालिएको छ ।
- कृषि एम्बुलेन्स सेवा संचालनमा आएको छ ।
- पुष्प खेति प्रबर्द्धन कार्यक्रम अन्तर्गत १,००,०००/- बराबरको व्यवसायक पुष्प खेति सञ्चालन गरिएको,
- वडा नं. ५ मा IPM कृषक पाठशाला सञ्चालन गरि २७ जना कृषकहरुलाई तरकारी खेति सम्बन्धि खेतमै गएर तालिम गराइएको।
- कुखुरापालक १०जना कृषकलाई जैविक सुरक्षा सम्बन्धी सामग्रिहरु वितरण गरिएको छ।
- अ.गा.पा. भित्रका सबै वडाहरुमा १२५०० बाख्रालाई P.P.R. खोप, २२५० गाई, गोरु र भैसिलाई लम्पि स्किन विरुद्वको खोप ५००० गाईबस्तुलाई खोरेत विरुद्वको खोप तथा १७३ वटा घरपालुवा तथा सामुदायिक कुकुरहरुलाई रेविज विरुद्वको खोप लगाइएको छ।
- वडा नं ५ मा एकपटक पशुसेवा घुम्तीशिवीर सञ्चालन गरी १५९०पशुपछींको उपचार गरिएको छ।
- वडा नं. ५ मा भैसी पकेट कार्यक्रम अन्तर्गत १० ओटा घर धुरीमा कृषकहरुको लागत साझेदारीमा १० ओटा भैसी गोठ निर्माण गरिएको छ ।

- प्राविधिकहरुको क्षमता अभिबृद्धिका लागि पशु सेवा तालिम केन्द्र धनगढी तथा ग्रामिण उद्यम विकास आयोजना कार्यालय डडेल्धुरामा पशुपालन सम्बन्धी तालिममा सहभागी गराइएको छ ।
- कृषकहरुलाई व्यवसायिक पशुपालन सम्बन्धी तालिम प्रदान गर्न पशुसेवा तालिम केन्द्र धनगढी कैलालीमा कुखुरा पालन, गाईभैसी पालन तथा अन्य पशुपालन सम्बन्धी तालिम प्रदान गराइएको,
- ८६५० पशु पन्छीको प्राथमिक उपचार तथा ९६५६परिजीवी नियन्त्रण विरुद्धको उपचार कार्य गरिएको छ ।
- समूह, समिति तथा कृषकहरुलाई हिउँदे जै घाँसको विरुवा वितरण गरिएको छ ।
- यसै आ.व. अ.गा.पा. वडा नं. ३ अन्तर्गत सञ्चालित पशु सेवा ईकाइबाट गाईभैसीमा कृत्रिम गर्भाधान सेवा सञ्चालनमा ल्याईएको छ।
- भेटनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र डडेल्धुराद्वारा अ.गा.पा. ३ मगराउँमा बृहत्तर भैसीपालन कार्यक्रम अन्तर्गत २५ वटा गोठ निर्माण गरिएका छन।
- भेटनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र डडेल्धुराद्वारा स्थानीय कुखुरा प्रबर्द्धन कार्यक्रम अन्तर्गत अ.गा.पा. वडा नं. ३ मा २ ओटा कुखुरा खोर तथा ४०० गोटा कुखुरा चल्ला वितरण गरिएको छ।
- व्यवसायिक कुखुरा फर्म तथा पशु बस्तुहरुमा लागेको रोगको पहिचान गर्न कुखुरा तथा पशु पन्छीको नमुना संकलन गरि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत नमूना परीक्षणका लागि पशुरोग अन्वेषण प्रयोगशाला धनगढीमा नमूना पठाईएको छ ।
- कृषि तथ्याङ्क संकलन कार्यको निरन्तरता दिईएकोछ ।
- एकिकृत रुपमा कृषि तथा पशु सेवा सञ्चालन गर्नका लागि भवन निर्माण कार्य सम्पन्न गरिएको छ ।

- गाउँपालिकाका लेकालि बेल्डका निर्माणाधिन सडकहरुको निर्माण कार्य भई सबै वस्तिहरु वडा सदरमुकाम र गाउँपालिकाको सदरमुकाम संग सडक संजालले जोडिएका छन ।
- संस्कृति प्रवर्द्धनका लागि १८ वटा मठ मन्दिरहरुको मर्मत कार्य सम्पन्न गरिएको छ ।
- २.५.कि.मि.नयाँ सडक ट्याक खोल्ने,४.३ कि.मि.मर्मत सुधार तथास्तरोन्निति ०.५ मि.घोरेटो बाटो सुधारको काम सम्पन्न भएको छ ।
- २७५ मिटर सिचाँई कुलो निर्माण,२७८३ मि.पाईपद्वारा सिचाई र १३ वटा सिचाई पोखरी निर्माण गरिएका छन ।
- सोझै मागको आधारमा पाईप र ग्याविन जालि वितरण कार्य लाई पुर्ण रुपमा निस्तेज गरि गरि वास्तविक आवश्यताको आधारमा भेरिफाई गरि लाभग्राहिको जनसहभागिता सहित वितरण गर्ने कार्य अन्तर्गत १५६०.मि.पाईप वितरण गरिएको छ ।
- ४ वटा सामुदायिक भवनको निर्माण सम्पन्न भएका छन ।
- बालकल्याण नमुना मा.वि.को १२ कोठे विद्यालय भवन,८ कोठे छात्रबास भवन र आधुनिक २७ वटा युरिनल सहितको ४ कोठे शौचालय निर्माणको कार्य अन्तिम चरणमा रहि यसै आ.व.को अन्त्य सम्म सम्पन्न भई नव निर्मित संरचना बाट सेवा संचालन हुनेछ ।
- पुईलेक खतेडा सडकको गणेशधुरा खतेडा सडक खण्डमा रहेको सडक स्तरोन्नित भई खतेडा र वजकोट वस्तिलाई वडासदरमुकाम सम्म जोडिएको छ।
- मणिलेक मा.वि.को निर्माण सम्पन्न हुन नसकेको ४ कोठे भवन निर्माण र घेरवार निर्माणको कार्य सम्पन्न भई विध्यालय लाई हस्तान्तरण गरिएको छ ।

- निर्माण अधुरो रहेको रोल्लि वर्थिङ सेन्टरको निर्माण कार्य यसै आ.व. भित्र निर्माण सम्पन्न भई नवनिर्मित भवन बाट सेवा हुन गईरहेको छ ।
- सोर्नाया डागेश्वरि बहुउपयोगि लिफट खानेपानि सिचाँई योजनाको मेन पाईप लाईनका लागि पाईप खरिद कार्य सम्पन्न गरिएको छ र वजेट अभावका कारण थप कार्य गर्न सकिएको छैन ।
- आधारभुत स्वास्थ्य केन्द्रराजुललाई आवास सहित सुविधा सम्पन्न बनाउनका लागि ४ कोठे भवन निर्माण कार्य सम्पन्न भएको छ ।
- भण्डारीगाउ स्वास्थ्य क्लिनिक भवनको निर्माण कार्य यसै आ.व. भित्र निर्माण सम्पन्न भई नव निर्मित भवन बाट सेवा संचानल हुन गईरहेको छ ।
- देवल पार्क लाई अत्याधुनिक आकर्षक पार्ककोरुपमा विकास गर्नका लागि सेल्फिप्वाईन्ट र ड्राई पर्खाल जस्ता आकर्षक पुर्वाधारहरु निर्माण गरिएका छन ।
- अजयमेरुकोटमा पर्यटकहरुको आवातजावतमा सहजताका लागि मुख्य प्रवेश द्धार देखि कोटा सम्मको स्टेप निर्माणको कार्य सम्पन्न गरिएको छ ।
- वडा नं. ६ राजुलमा पिस पार्कका लागि आवश्यक पुर्वाधार निर्माण कार्य सम्पन्न गरिएको छ ।
- वडा नं. ६ को कलामाटा सैलामीमा झोलुङ्गे पुल निमार्णधिन रहेको छ।
- वडा नं. ६ को घुँडालेक भण्डारीगाउँमा लिफ्ट सिंचाइको काम र भराड सिंचाइ योजनाको निर्माण कार्य संचालनमा रहेको छ।
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराबाट वडा नं. कपडामा एक घर एक धारा सम्पन्न भई पुडिलमा निर्माणाधिन रहेको छ
- मटेला लिफट खानेपानि योजनाको परिक्षणको कार्य सम्पन्न भई २५ घरधुरिलाई सहज खानेपानिको सुविधा प्रर्दान गरिएको छ ।
- १ वटा स्टिल ट्रस पुल निर्माणको कार्य सम्पन्न भएको छ र १ वटा झोलुगें पुलको निर्माण कार्य सुरु गरिएको छ ।

- ७ वटा सार्वजनिक स्थलहरुमा सौर्य बत्ति जडान गरिएको छ ।
- गाउँपालिका बाट हुने पुर्वाधार लगायत अन्य खरिदको कार्य सार्वजनिक खरिद अनुगमन कार्यालयको खरिद प्रणालि मार्फत संचालनमा ल्याइएको छ ।
- केदार शिशु सुधारक माध्यमिक विद्यालयको पूर्वाधार विकास अन्तर्गत भवन तथा खेल मैदान निर्माण कार्य जारी रहेकोछ ।
- भद्रपुर माध्यमिक विद्यालय र सहश्रलिङ्ग माध्यमिक विद्यालयको मञ्च निर्माण कार्य सम्पन्न भएकोछ ।
- गाउँपालिकाको प्रशासकीय भवनको पहिलो तला ढलानकार्य अन्तिम चरणमा रहेकोछ ।
- अजयमेरु गाउँपालिका अन्तर्गतका सबै वडामा पानीका मुहान संरक्षाण गर्न रिचार्ज पोखरी निर्माण कार्य अन्तर्गत सवै वडामा ४।४ वटा रिचार्ज पोखरी निर्माण गरिएकोछ ।
- भौतिक पुर्वाधार जन्य संरचनाहरुको क्वालिटि कन्ट्रोलका लागि कंक्रिट ह्यामर र भरनियर स्केल लगायतका उपकरणहरुको प्रयोग गरि दिगो भौतिक पुर्वाधार निर्माण गर्ने कार्य गरिएको छ ।
- बर्खायाममा बिग्रिएका गाउँपालिका भरिका सबै सडकहरुको पहिरो सरसफाई गर्ने कार्य चाडवाडको समय भन्दा अगावै सम्पन्न गरिएको छ ।
- वडा नं.५ र ६ को गाउँपालिका जोड्ने मुख्य सडक उग्रतारा मेलौलि सडकको चिपुर हुरागाड तलपाखा सडक खण्डलाई स्तरोन्नति गरि पुर्ण रुपमा संचालनमा ल्याईएको छ ।
- वडा नं.४ मा रहेको पुरानो स्थास्थ्य चौकि भवन लाई मर्मत गरि आवासको रुपमा संचालनमा ल्याईएको छ ।

- आ.व.को अन्तिममा भौतिक पुर्वाधार का योजनाहरु सम्पन्न गरिने उपभोक्ताहरुको परिपाटि लाई घटाई समयमै योजना सम्झौता गरि जेठ मसान्त सम्म ८०.५६ प्रतिशत भौतिक प्रगति गरिएको छ ।
- चन्द्र ज्योति आ.वि.धारिको विध्यालय धेरवारको कार्य सम्पन्न गरिएको छ ।
- ढिमौला भद्रपुर सडकको चौडा विस्तार घुम्ति सुधार सहित स्तरोन्नति गरिएको छ ।
- डुङ्ग्री सेरागाड देवल सडक, गंगेश्वर डागेश्वरी सडकको ग्राभेल नाला लगायता संरचना सहितको स्तरोन्नती कार्य निर्माणाधिन अवस्थामा रहेको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका १४ वटा योजना सम्पन्न, योजनाहरु सबैजसो ,सडक मर्मत, धार्मिक क्षेत्रको बेडी पर्खाल निर्माण ,विभिन्न विद्यालयको वेडी पर्खाल निर्माण तथा सिचाई कुलो निर्माण सम्बन्धी कार्यहरु सम्पन्न भएका छन् ।
- ३२०५ जना दर्ता बेरोजगारमध्ये नेपाल सरकार को बजेटबाट प्राथमिकतामा परेका ५२ जनालाई १०० दिनको रोजगारी र आ.डी. ए. स्रोत मार्फत विनियोजित बजेट बाट ४० जना गरी कुल ९२ जना बेरोजगारलाई रोजगारी प्रदान, प्रतिव्यक्ति प्रतिदिन रु. ६६८ ज्याला भुक्तानी गरिएको छ ।
- आगामी आ. व. को लागि २२११ जना बेरोजगार इ. एम. आइ. एस. मा दर्ता गर्ने कार्य सम्पन्न गरिएको छ ।
- श्रम स्वीकृति र पुनः श्रम स्वीकृति सेवालाई निरन्तरता दिईएको छ ।
- स्थानीय रोजगार रणनीतिलाई समयानकुल अध्यावधिक गरिएको छ ।
- अजयमेरु गाउँपालिकामा १५ जनालाई उद्यमशीलता बिकास तालिम प्रदान,१ वटा लघु उद्यमी समुह निमार्ण, १ नं वडामा सहभागितामुलक ग्रामिण लेखाजोखा कार्यक्रम सम्पन्न,स्तरोउन्तीमा १५ दिने होजियारि सम्वन्धि पुर्नताजगीसीप बिकास तालिम१५ जना उद्यमीलाई प्रदान, ४० जनालाई उपयुक्तप्रबिधि हस्तान्तरण गर्ने कार्य सम्पन्न गरिएका छन साथै १८ जना

कृषककलई पोलिहाउस प्लास्टिक र २२ जना कृषकलाई स्प्रे ट्याङ्की, हजारी, फउरा, दाँते, क्रेट जोख्ने काँटा, फिरफिरे लगायतका सामग्री लघुउद्यमीलाई बितरण गरियो ।

- अजयमेरु गाउँपालिका वडा नं ५ मा सम्भावित उद्यमीहरुको समुह गठन गर्नुका साथै घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरा संगको साझेदारिमा ७ दिने दुना टपरि तालिम संचालन गरियो ।
- अजयमेरु गाउँपालिका वडा नं ५ मा उद्यमशिलता विकास तालिम र एक महिने मसिन द्वारा होजियारी सिप विकास तालिम १३ जनालाई सम्पन्न गरीयो ।
- सम्भावित लघु उद्यमिहरुले उत्पादित वस्तुहरु एक ठाउँमा संकलन गरी बिक्रि वितरण गरी सामुहिक रुपमा मुनाफ बृद्धि गराउन वडा नं ३ भद्रपुरमा साझा सुविधा केन्द्र उद्यमि घर निर्माण कार्य सम्पन्न गरियो ।
- गाउँपालिकामा नेपाल टेलिकमको लिजलाईन सेवा लिई ईन्टरनेट सेवालाई चुस्त दुरुस्त बनाई कार्यालयका दैनिक गतिविधिहरूलाई थप सूचना प्रविधिमैत्री बनाईएको छ ।
- वडा कार्यालयहरूले प्रयोग गर्ने अनलाईन सफ्टवेयर र ईमेललाई नियमित गर्न भाया नेट कम्मुनिकेशन प्रा। लि। सँग यो आर्थिक वर्षसम्मका लागि सम्झौता गरी वडा कार्यालयबाट हुने दैनिक सेवा प्रवाहलाई प्रभावकारी बनाईएको छ ।
- पालिकामा भएका महत्वपूर्ण सूचनाहरुलाई सुरक्षित र भरपर्दो बनाउनुका साथै पालिकामा प्राप्त हुने विभिन्न संघ, प्रदेश र जिल्ला प्रशासन लगायतका कार्यालयबाट प्राप्त हुने महत्वपूर्ण पत्रहरूलाई थप प्रभावकारी र Computer Crime बाट पनि सुरक्षित राख्नका लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रद्वारा निर्माण गरिएको Centralized E-mail System लाईलागु गरिएको छ ।
- भूमिहिन सुकुम्बासीको राजश्व निर्धारणको काम सम्पन्न गरिएको छ ।
- अनलाईन राजस्व भुक्तानि सेवा मार्फत आन्तरिक राजश्व संकलनकार्य सुरु गरिएको छ ।

- व्यक्तिगत घटनादर्ता पूर्णरुपमा online लाई निरन्तरता दिईएको ।
- व्यक्तिगत घटनादर्ता सप्ताह सवै वडा कार्यालयमा जनचेतनामूलक सन्देश सहित मनाईएको छ ।
- सामाजिक सुरक्षा भत्ता EFT बाट तेस्रो त्रैमासिकबाट वितरण शुरु भएको छ।
- सामाजिक सुरक्षा भत्ता वितरण विभिन्न वडा कार्यालय मार्फत समपन्न भएको छ।
- पहिलो पटक EFT मार्फत वितरण गरिएको सामाजिक सुरक्षा भत्ता कुल २१०९ जना लाई वितरण भएको छ ।
- नेपाल प्रहरीसंगको साझेदारीमा समुदाय स्तरमा जनचेतना अभिवृद्धि गर्नका लागि समुदाय प्रहरी सचेतना कार्यक्रम संचालन गरिएका छन ।
- सबै प्रहरी चौकीको पुर्वाधार सुधार गरिएको छ ।
- प्रहरी चौकीका लागि बाइक वितरण , विपद् सामग्री वितरण कार्य सम्पन्न गरिएको छ ।
- विभिन्न पालिकासँग सिकाइ आदानप्रदान कार्यका लागि अध्ययन अवलोकन भ्रमण कार्य सम्पन्न गरिएको छ ।
- उत्कृष्ट कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, शहिदपरिवारलाइसंस्था ,योजना र उपभोक्ता समूहलाई सम्मान कार्यक्रम , सार्वजकि सुनवाइ र समीक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।
- लक्षित वर्गका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- सुरक्षित नागरिक आवासकार्यक्रम अन्तर्गत ७० जनाका लागि आवास निर्माण कार्य प्रारम्भ गरिएको छ ।
- प्राकृतिक प्रकोपबाट भएको क्षती न्यूनीकरणका लागि पाइप, जस्तापाता वितरण कार्य निरन्तर रुपमा गरिएको छ ।
- भू उपयोग योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।
- आ व २०७८।७९ मा कुल बेरुजु ५.१ प्रतिसत रहेकोमा आ व २०७९।८० मा ३.३ प्रतिसतमा झार्न सफल भएका छौ साथै अहिले

सम्मको सबै नियमित गर्नुपर्ने बेरुजुलाई नियमित गर्न आवश्यक प्रक्रियाको थालनी गरिएको छ ।

- बढ्दो अपराधिक गतिविधिहरुलाई मध्यनजर गर्दै वडा नं ६ जनचेतनामा अस्थाइ प्रहरीचौकी स्थापना भएको छ।
- मुक्त हलियाव्यवस्थापन कार्यविधिपारित गरिलागु गरिएको छ ।
- अजयमेरु गाउँपालिकामा हाल सम्म ११८ ऐन तथा कार्यविधिहरु पारित गरिएका छन ।
- श्रमको सम्मान कार्यक्रम अन्तर्गत अमरगढी नगरपालिका, भागेश्वर गाउँपालिका र जिल्लास्थित सुरक्षा निकायहरुसंगको सहकार्यमा अजयमेरु कोटमा सरसफाई कार्यक्रम सम्पन्न गरिएको छ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय संगको साझेदारीमा भ्रष्टाचार नियन्त्रण सम्वनधि सचेतना मुलक कार्यक्रम सञ्चालन गरिएको छ ।
- अजयमेरु गाउँपालिका अन्तर्गतका विद्यालयका प्रधानाध्यापक, शिक्षक संग कार्य सम्पादन करार गरिएकोछ ।
- यस आ. व. मा हाल सम्म ५ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएकोछ ।
- एकल महिला संग उपाध्यक्ष कार्यक्रम अन्तर्गत गाउँपालिका अन्तरगतका १०० जना गरिव तथा विपन्न एकल महिलालाई दैनिक उपभोग्य सामग्री वितरण गरिएको छ ।
- नारि दिबसलाई विभिन्न सांस्कृतिक तथा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरि भव्यताका साथ मनाईएकोछ ।
- वडा नं ५ र कृषि तथा पशु विकास शाखाको प्राविधिक सहयोगमा व्यवशायिक अभिमुखिकरण तालिम तथा आवश्यक प्रविधि हस्तान्तरण गरिएकोछ ।
- वडा नं ५ र ४ मा अतिविपन्न, गरिव परिवारका विद्यार्थी,  दलित छात्र छात्रालाई शैक्षिक सामग्री तथा झोला, पोशाक वितरण गरिएको छ।

- वडा नं. ४ मा महिला स्वास्थ्य स्वयम सेविका  र आमा समुहलाई झोला वितरण गरिएको छ साथै वडा कार्यालयमा घेरबार कार्यको सुरुवात र २ ओटा शौचालय निर्माणधिन अवस्थामा छन।
- वडा नं. ५ मा नयाँ बालविकास भवन निर्माण गरिएको छ।
- वडा नं. ३ मा टोल विकास संस्था अध्यक्षलाई अभिमुखिकरण कार्यक्रम र सामग्रि (झोला र स्टेशनरी) वितरण सम्पन्न गरिएको छ।
- कृषि र भेटेरीनरी औषधिहरुको सर्वशुलभताका लागि घुम्तिकोष संचालन गरिएको छ।
- वडा नं. १ मा वडा कार्यालयको पर्खाल निर्माण कार्य सम्पन्न गरिएको छ।

## आगामी आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम

सम्मानित गाउँसभाका सदस्यज्यूहरु ।

"समावेशी र सन्तुलित विकास

समृद्द अजयमेरुको मूल आधार"

भन्ने मूल नाराका साथ म अब आ.व.०८१/८२ को यस अजयमेरु गाउँपालिकाको नीती,तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न गैरहेको छु ।

**१. आर्थिक क्षेत्र :**

**(क) कृषी :**

- कृषि पेसालाई व्यावसायिक र सम्मानित पेसाको रुपमा विकसित गर्नको लागी यस गा.पा.को प्रमुख पेसाको रुपमा  रहेको कृषीको ब्यवसायीकरण, बैज्ञानीकरण, विविधीकरण विना हाम्रो अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार हुन नसक्ने कुरालाई वोध गर्दै कृषी प्रणालीलाई आधुनिकीकरण, भुगोल सापेक्ष, वातावरण तथा जलवायु अनुकुलित बनाउँदै आर्थिक बृद्धिको दिगो आधार तयार गर्ने नीति लिइने छ ।

- यस गाउँपालिकाको प्रमुख संभावनाको रुपमा रहेको आलु, भटमास तरकारी,बाख्रा उत्पादनलाई वढाउन तथा आम जनताको प्रमुख व्यवसायको रुपमा विकास गराउन  विउमा लागत साझेदारी लगायत अन्य आवश्यक कार्यक्रम ल्याइनेछ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहकार्यमा आलु, भटमास जोन कार्यक्रमलाइ प्रभावकारी वनाइनेछ ।साथै तरकारी र बाख्रा पकेट क्षेत्रलाई विस्तार गरी ब्लक निर्माणका आधार तय गरिनेछ ।
- माटो परीक्षण, रोग परीक्षण, कृषि विशेषज्ञ सहितको शिविर दुर्गम बस्तीमा सञ्चालन गरिने छ ।
- सरकारी, सार्वजनिक, ऐलानी, जग्गाहरुको संरक्षणमा जोड दिइनेछ ।
- नाङ्गा डाँडा तथा घरमा फलफूल बगैंचा स्थापना, कृषक तालिम, उन्नत र परम्परागत विउ वितरण,साना सिँचाई तथा प्लाष्टिक पोखरी,गोठ सुधार, भकारो सुधार, तरकारी नर्सरी, स्थानीय कुखुरा, च्याउँ उत्पादन, फलफूल कलमी मार्फत उन्नत विरुवा उत्पादन, घाँस खेती प्रवर्धनसहकारी र समुह मार्फत बाख्रा तथा कुखुरा पालन ब्यवसाय, निजी कृषी तथा पशुपालन फर्म विकास, कृषक उद्यमशिलता कार्यक्रम सञ्चालन गरिने छ ।
- मागमा आधारित कार्यक्रम हरुलाई प्रोत्साहन गर्दै डेरी प्रवर्धन, घाँस विकास कार्यक्रम , जैविक सामाग्री वितरण गरी आकस्मिक रोग नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछन ।
- कृषिमा ब्यवसायिक भैंसी तथा उन्नत गाई पालन गर्ने कृषकलाई पशु सुत्केरी भत्ता उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।
- ब्यवसायिक कृषकलाई परिचय पत्र वितरण गरीने कार्यक्रमलाई कृषकको पहिचानसंग जोडिने गरि थप प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।
- सबैलाई कृषि पेसामा आर्कषण गरी नमुनाको रुपमा गाउँपालिका स्तरको नमुना वहुद्देश्यीय कृषि तथा पसु विकास फर्म कार्यक्रम निरन्तर अगाडी बढाइनेछ ।
- कृषीमा पहिला , आत्मनिर्भर महिला भन्ने नीति लिइनेछ ।

- कृषि तथा पशुपालन व्यवसायमा महिलालाई अनिवार्य सहभागीता गराउन आर्कषणको नीति लिइनेछ ।
- ब्यवसायीक रुपमा विउ विजन उत्पादन गर्न चाहने कृषकलाइ वजारको ग्यारेन्टी गरी प्याकेजिङ र ब्रान्डिङ्गमा सहयोग गर्ने कार्यक्रम संचालन गरीनेछ ।
- वदेल लगायतका जंगली जनावरको क्षतीको कारणवाट कृषि ब्यवसायमा छाएको नैरास्यता न्युनिकरण गर्नको लागी कृषि विमामा आर्कषण गर्न विमाको प्रिमियममा ५०% लागत साझेदारी कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट अगाडी बढाइनेछ ।
- कृषी बिमा अन्तरगत कृषी कार्य गर्दा किसानको सम्भवित दुर्घटना बफतको रु २ लाख सम्मको बिमाका लागी लाग्ने रकम रु २०० प्रदान गरिने छ ।
- कृषकको मनोवल उच्च राख्न अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सुरु गरीनेछ ।
- जग्गा बाँझो राख्ने प्रवृत्तिलाई अन्त्य गरी वाझो जग्गा लिजमा लिइ ब्यवसायीक खेती गर्न प्रोत्साहित गराई उत्पादनमा जोड दिने तथा वातावरण सृजना गर्ने नीति लिईनेछ । साथै वाझो जग्गाको बहुउपयोग निति तयार गरिनेछ ।
- उत्पादन र उत्पादकत्वमा बढोत्तरी ल्याउन चैते धान खेतिको क्षेत्र विस्तार गरिने छ।
- माटोको नमुना संकलन गरि परिक्षण गरिने कार्यक्रमलाई निरन्तरता दिइने छ।
- कृषकहरुको क्षमता अभिबृद्धि गर्न गा.पा. स्तरीय तालिमको व्यवस्था गरिने छ।
- कृषकहरुलाई नयाँ प्रविधिसँग जोड्न कृषक अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिने छ।

- **<u>“स्कुलमा करेसावारी घरघरमा रोजगारी”</u>** भन्ने नाराकासाथ विद्यालय कृषि प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिने छ।
- पालिकामा उत्पादित तरकारीजन्य वस्तुहरुलाई लामो समयसम्म बजारीकरण गर्न पालिकामा कोल्ड स्टोर स्थापनाका लागि कृषि ज्ञानकेन्द्र र निजि क्षेत्रसँग सहकार्य गरिने छ।
- भण्डारण क्षतिलाई न्युनिकरण गर्न Harvesting Bag र Metallic Bin ५०% अनुदानमा वितरण गरिने छ।
- पकेट विकास कार्यक्रम अन्तरगत केरा खेति विस्तार र पशुपंक्षि कार्यक्रमलाई निरन्तरता दिदै थप विस्तार गरिनेछ ।
- गाँउपालिका भित्रका सवै कृषकलाई अनलाइन दर्ता प्रणालीमा सुचिकृत गरि जग्गा जमिन र पशुपंक्षिको दर्ता अध्यावधीकलाई निरन्तरता दिइनेछ ।
- बाँझो जग्गा सदुपयोग गर्ने निती लिइ वाँझो जमिन सदुपयोग गरे वाफत लागत साझेदारीका कार्यक्रम लागु गरिनेछ । साथै उपभोगमा ल्याइएका बाझो जमिनमा अनारखेति, एभोकाडो, पिकानट, अमिलो जन्य, मसला जन्य जातका बाली तथा ओखर खेतिलाइ प्राथमिकताका साथ अगाडी बढाइने छ ।
- जिविकोपार्जनका विविध कार्यक्रम संचालनमा ल्याइनेछन् ।
- समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक रु.५००००० भन्दा माथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, एग्रोभेट स्थापना

गर्ने कार्य अगाडी बढाईनेछ । सो प्रयोजनका लागि निजी क्षेत्र तथा सहकारीहरुलाई प्राथमिकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

- कृषि पेसालाई व्यवसायीक रुपमा अगाडी बढाउन तथा जटील प्राविधिक समस्या समाधान गर्न सहज गर्ने उद्देश्यले आगामी आर्थिक वर्ष बाट कृषि तथा पशु विज्ञ सहितको सेवा सुचारु गरिनेछ ।
- सबै खाले बिउ ५० प्रतिशत लागत साझेदारीमा उपलब्ध गराईनेछ । सवै व्यवसायिक कृषी गर्ने समुह तथा कृषकलाई कृषी अनुदान प्रदान गरिने छ । नेट सहितको पोलिहाउस कार्यक्रमलाई अगाडी बढाई मागमा आधारित कार्यक्रम मार्फत कृषि उत्पादनलाई बढोत्तरी गरिनेछ साथै ५० प्रतिशत अनुदानमा गोला सहित माहुरी घार वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ र आकस्मीक बाली संरक्षण कोष स्थापना गर्न पहल गरिनेछ ।
- उत्पादनलाई बजार सम्म जोड्नका लागि गाउँपालिकाबाट कृषि एम्बुलेन्स सेवा संचालनलाई निरन्तरता दिइनेछ ।
- स्थानीय तहमा निर्मित साना उद्यमीलाई प्रविधि हस्तानान्तरण गरि आधुनिकिकरणमा जोड दिईनेछ ।
- मसला तथा अदुवा वालीको सम्भावित क्षेत्र पहिचान,बिस्तार तथा उत्पादनमा बृद्धि गर्ने निति लिइनेछ ।
- एउटै प्रजातिका फलफूलको ५० बोट र भिन्न प्रजातिको ३०० बोट व्यवसायिक रुपमा वृक्षारोपण गर्ने कृषकलाई पुरस्कृत तथा सम्मान गर्ने नीति लिइनेछ
- व्यवसायिकरुपमा ५० भन्दा बढी बाख्रा, ५ भन्दा बढी गाइ/भैसी र ५०० गोटा भन्दा बढी अण्डा उत्पादन गर्ने कुखुरा (लेयर्स) पाल्ने कृषकलाइ उचित सम्मान तथा पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।
- छाडा चौपाया व्यवस्थापनको लागि आवस्यक पहल गरिने छ
- यस पालिका भित्र स्थाई बसोबास भइ कृषि प्राविधिक विद्यालयमा अध्ययन गरि यसै पालिका भित्र अनिवार्य रुपमा समुदायमा OJT गर्न लगाइनेछ

- कृषि तथा पशु सेवा अन्तर्गतका प्राविधिकहरुको संलग्नतामा कृषि तथा पशु घुम्ती सेवा शिविर र प्लान्ट क्लिनिक संचालन गरिने छ
- बालि पात्रो निर्माण गरि घरघरमा वितरण गर्ने व्यवस्था मिलाइनेछ
- एक गृह दुई वृक्ष कार्यक्रम संचालन गर्न आवस्यक नीति लिइनेछ
- कृषि बालीमा प्रयोग गरिने बिषादी नियन्त्रण गर्न तालिम संचालन गरिनेछ
- गाँजा खेति गर्ने किसानलाई प्रोत्साहन गरिने छ
- किसान द्वारा उत्पादित बस्तुहरु तथा बनमा पाइने मसला बालीको बजारीकरण गर्ने नीति अवलम्बन गरिने छ
- **कृषकको उत्पादन अजयमेरु सरकारको वजार**भन्ने नारालाई सार्थक वनाउन कृषि उपजहरुलाई गाउंपालिका स्तरीय कृषी उपज संकलन केन्द्र स्थापना गरि कृषकहरुले उत्पादन गरेका वस्तुहरु सहकारी/समुहहरुको माध्यमद्धारा खरिद गर्ने नीति अवलम्वन गरिनेछ ।
- कृषि पेशालाई मर्यादित तथा आय आर्जन मुलक पेशाको रुपमा विकास गर्न युवाहरुले संचालन गरेका नमूना कृषि तथा पशु फर्म हरुलाई **"कृषि आधुनिकरणका लागि युवा रोजगार,आर्थिक समृद्धिका लागि अजयमेरु सरकार"**भन्ने कार्यक्रम संचालन गरिनेछ।
- पशु पालन, घाँस खेती, गोठ सुधार, पशु मुत्र संकलन, झोल मल उत्पादन, जैविक विषादी उत्पादन तथा प्रयोग, सूक्ष्म जौविक मल आदिवाट माटोको उर्वरापन कायम गरिनेछ । स्थानीय प्रजातिका बालीहरुको विउ उत्पादन संरक्षण तथा प्रयोगमा वृद्धि गर्दै बजारीकरण गर्ने नीति लिइनेछ । अन्न भण्डारण पूर्वाधारमा लगानी वढाई अन्न भण्डारणमा हुने क्षति न्यूनीकरण गरिनेछ ।
- कृषिको व्यवसायीकरण, यान्त्रिकरण र मूल्य श्रृङ्खला विस्तार गरी कृषिलाई गरिबी निवारण, स्वरोजगारको अवसर र खाद्य सुरक्षाको आधारभूत रुपमा विकसित गर्दै कृषिको उत्पादन वृद्धि गर्ने निति अवलम्वन गरिने छ । साथै ब्यवसायिक गाई भैसि फर्म , बाख्रा फर्म , कुखुरा फर्म , बिकास र बिस्तारका

लागि सहभागीतामा आधारित लागत साझेदारी दिने नीति अवलम्वन गरिनेछ ।

- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवद्र्धन गर्न मल, बिउ, कीटनाशक औषधीको उपलब्धता, उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिंचाई सुविधा प्रवर्धन गर्न आवश्यक निति लिइनेछ ।
- लेकाली क्षेत्रलाइ ओखर /मसला पकेट क्षेत्रको रुपमा विकाश गर्न आवस्यक निति लिइने छ ।
- “कृषिमायुवालाईरोजगार”कार्यक्रममार्फतयस क्षेत्रका पर्याप्त मात्रमा रहेको वाँझो जमिनमा वहुआयामिक कृषि फर्मको माध्यम वाट रोजगारी सिर्जना गर्ने र युवाहरुलाई आत्मनिर्भरता नीतिको अवलम्बन गरिनेछ ।
- कृषीमा आधुनीकिकरण गरि प्रवीधी युक्त कृषी निर्माणको कार्यलाई अगाडी वढाइनेछ
- **“एकगाउँएकउत्पादन”**नीतिअनुरुप६वटैवडामाकृषीविज्ञकोटोलीवाटअनुगमनगराईमाटोपरीक्षणगरीउत्पादनवृद्धीगराउनेकार्यलाईअगाडीवढाइनेछ।
- जंगली जनावरको आक्रमण बाट कृषी उत्पादन लाई जोगाउन क्लस्टरवाइज घेरवार कार्यक्रम अगाडी वढाइनेछ ।
- आलु जोन, मसला ब्लक, भटमास ब्लक, मकै ब्लक, धान ब्लक र परम्परागत रैथाने वाली जस्तै कोदो, रैया मुद्रो, काकुन पकेटको निर्माण गरीनेछ ।
- कृषी कार्यलाई सिंचाई संग जोड्न साना सिंचाई कार्यक्रमलाई प्रभावकारि बनाईनेछ ।
- कृषीलाई प्रविधी मैत्री बनाउन हाते टेक्टर थ्रेसर,क्रोलीङ मसिन मलगायत कृषी औजारहरुको संघ र प्रदेश संगको लागत साझेदारीमा प्रभावकारि ढङगबाट अगाडी वढाईनेछ ।
- टोल टोलमा कृषक समुह निर्माण गरि कृषी प्रविधी कार्यक्रम हस्तान्तरण गरीनेछ ।

- गाँउपालिका भित्र कृषक समुहहरुलाई उत्प्रेरीत गरी कृषक शहकारी निर्माण गर्ने निती लिइनेछ ।
- फलफूल पकेट क्षेत्र निर्माण गर्ने नीति लिइनेछ ।
- अजयमेरु गाउँपालिकामा कृषक संजाल गठन गरिने छ ।
- युवाहरुलाई कृषीमा आकर्षण गराउन युवा कृषक अनुदान कार्यक्रम प्रभावकारि ढङ्गबाट अगाडी बढाईनेछ ।
- एकल महीला र विदुर पुरुषलाई कृषीमा आकर्षण गराउनको लागी उत्पादनमा आधारीत लागत साझेदारी निती लागु गरीनेछ ।
- गाउँपालीका भित्र रहेको बाँझो जग्गामा कृषी उत्पादन बढाउन भुमी—बैङ्कको स्थापना गरी बाँझो जग्गा उपयोगी विशेष कार्यक्रम संचालन गरीनेछ ।
- पुस्प खेति प्रबर्बद्धन कार्यक्रम अन्तर्गत पुष्प बगैंचा निर्माण गरिने छ ।
- व्यवशायिक नर्सरी फर्महरुलाई आवस्यक अनुदान सहयोग निति लिइनेछ ।
- कृषी ऋण सहजै उपलब्ध गराउनका लागी गाउँपालिका भित्र रहेका बैङ्क ,सहकारि संस्था र लघुवीत्तसंग सहकार्य गर्ने निती अवलम्वन गरीनेछ ।
- किसानका उपजहरुलाई बजारमा ल्याउन पालिकामा कृषि मेला प्रदर्शनी कार्यक्रम सञ्चालन गरिने छ।
- पालिकाका सबै वडाका केन्द्रमा स्थानिय उत्पादनलाई प्रवर्धन गर्न हाट बजार लगाउने कार्यको सुरुवात गरिनेछ ।

**पशुः**

- अण्डा उत्पादनमा आत्मनिर्भर गाउँपालिका बनाउन बिशेस कार्यक्रम संचालन गरिनेछ
- पशु रोग पहिचानका लागि पशु प्रयोगशाला (ल्याब) सुचारु गरिनेछ ।
- कृषि तथा पशु सम्वन्धि सेवा एकिकृत रुपमा प्रवाहहुने गरि निर्माण गरिएको कृषि भवनबाट विशेषज्ञ सहितको सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

- पिल्कोटी च्याखुराको संघ र प्रदेश संग समन्वय गरी स्थानिय प्रजातीको विकास, संरक्षण र प्रचार गरीनेछ ।
- गाउँपालिका भित्र रहेका कृषी तथा पशु सेवा ईकाईमा सञ्चालित एग्रोभेटहरुलाई निरन्तरता दिईनेछ ।
- घाँस खेती प्रवर्धन कार्यक्रमलाई व्यवस्थीत रुपमा संचालनमा ल्याईनेछ ।
- व्यवसायीक रुपमा बाख्रापालन, कुखुरा पालन, भैसी पालन, वंगुर पालन र गाई पालन कृषक लाई प्रोत्साहन गर्ने निति लिइनेछ ।
- गाईभैसीका लागि सुत्केरी आहार भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ।
- अजयमेरु गाउँपालिका अन्तर्गत ६ ओटै वडाहरुमा पशु सेवा इकाई तथा कृषि सेवा इकाई स्थापना गरि कृषकको घर दैलोमै सर्ब सुलभ सेवालाई निरन्तरता प्रदान गरिने छ ।
- यस गाउँपालिका अन्तर्गत संचालित पशु सेवा इकाई तथा कृषि सेवा इकाईबाट निरन्तर सेवा प्रवाह गर्न सर्बसुलब दररेटमा पशु स्वास्थ्य घुम्तीकोष तथा कृषि जन्य बिउ बिषादी बिक्रि गर्न, खरिद गर्न कृषि सेवा घुम्ती कोष संचालनमा ल्याइने छ
- कृषकहरुलाइ व्यवस्थित पशुपालन तथा कृषि सम्बन्धि तालिम दिलाई आधुनिक प्रविधि सम्बन्धमा जानकारी गराइनेछ।
- एउटै प्रवृतिको व्यवसाय गर्ने किसानलाई नमुना किसानको रुपमा प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान दिनका लागि नीतिगत व्यवस्था गरिने छ।
- अति बिपन्न दलित महिला समुदायमा कृषि तथा पशुपालन सम्बन्धि लक्षित कार्यक्रमहरु संचालन गरि आयआर्जनमा वृद्धि गरिनेछ ।
- दुध तथा मासु उत्पादनमा बढोत्तरी ल्याउन स्थानीय गाईभैसीमा कृत्रिम गर्भाधान सेवा सुचारु निरन्तरता प्रदान गरिनेछ।
- कृषकहरुको व्यवसायमा जोखिम न्युनिकरण गर्नका लागि पशुपंछी मत्स्य तथा कृषि व्यवसाय गर्ने कृषकको बीमा कार्यक्रमलाई प्रभावकारीताका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ।

- कृषि सूचिकरण कार्यक्रमबाट कृषि पशुपंछि तथा मत्स्य पालन सम्बन्धि अभिलेख (तथ्याङ्क) संकलन गरिने छ।
- गा.पा. भित्रका सबै कृषकहरुलाई कृषक परिचयपत्र वितरण गरिने व्यवस्था मिलाइने छ।
- कृषि हाट बजार तथा कृषि मेला प्रदशनी आयोजना गरि कृषि बजार तथा कृषकलाई प्रतिस्पर्धि बनाइने नीति अवलम्बन गरिने छ।

## (ख) उद्योग तथा वाणिज्य

- औद्योगिक ग्रामको स्थापनाको विस्तृत परियोजना प्रतिवेदन निर्माण भैसकेकाले औधोगीक ग्राम स्थापना गर्नका लागि संघ र प्रदेश सरकारसंग सहकार्य गरिनेछ । साथै गाउँपालिकाका सम्भवित क्षेत्रहरुमा औद्योगिक ग्राम स्थापनाका लागि पहल गरिनेछ ।
- गाउँपालिकामा स्थानीय श्रम, सीप र प्रविधिमा आधारित लधु उद्योगहरु स्थापना गराउने नीति लिइनेछ ।
- यस गाउँपालिकाभित्र साना तथा मझौला उद्योग स्थापना गर्न प्राथमिकता दिई युवाहरुलाई बजार सुहाउँदो सिप विकासका कार्यक्रमहरुमा आवद्ध गराईने छ ।
- खानीजन्य उद्योगको पहिचान र उत्खननका लागी संघ ,प्रदेश लगायत निजी क्षेत्रको सहयोगमा सम्भाब्यता अध्ययन गर्ने नीति अवलम्वन गरिने छ ।
- परम्परागत पानी घट्ट, कोलु, मगराउँ (ढुगें धारा) लाइ स्तरीकरण तथा संरक्षण गर्ने कार्यक्रम ल्याइनेछ ।
- यस गाउँपालिका भित्र रहेका लघुउद्योग र ब्यवसायलाई ब्यवस्थित गरि करको दायरामा ल्याईने छ ।
- मझौला उद्योग संचालन गर्न चाहाने आन्तरीक तथा वाह्य लगानीकर्तालाइ आकर्षण गर्ने नीति लिईनेछ ।

- ठुला उद्योग संचालन गर्न चाहने ब्यवसायीलाइ निःशुल्क जग्गा उपलब्ध गराउन सहजिकरण गरीने छ । साथै निजि क्षेत्रलाइ आकर्षण गर्ने निति लिइनेछ ।
- स्थानीय स्तरमा उत्पादित कृषि जन्य उत्पादन निर्यातको लागि प्याकिङ्ग, लेबलिङ्ग गर्न उद्यमीलाई अनुदानको व्यवस्था गरिनेछ ।
- गा.पा भित्रका साना उद्योगीलाई प्रविधि हस्तान्तरण गरि आधुनिकिकरणमा जोड दिईनेछ ।
- बजार अनुगमनलाई नियमित रुपमा प्रभावकारी तवरले कार्यान्वयन गरिने छ ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न आवश्यक सहयोग गरीनेछ ।
- स्थानीय स्तरमा पाइने अमला, कोइरालो,आँप, लसुन,कागती लगायतवाट अचार निर्माण गर्ने तथा स्थानीय सामाग्रीबाट निर्माणहुने उद्योगको स्थापना गर्ने निती अवलम्वन गरीनेछ ।
- महिलाहरुलाई व्यवसायमा आत्मनिर्भर वनाउने उद्देश्यले दुनाटपरी, छाप्रो निर्माण, होजियारि, डोलकुसम, मालापोते सम्बन्धि तालिम प्रदान गर्ने कार्यलाई निरन्तरतादिइनेछ ।
- अजयमेरु गाउँपालिका भित्र प्रशस्त मात्रामा रहेको ढुङ्गा, गीट्टी, वालुवा र सीलेट लगायत खानी जन्य पदार्थको उत्खनन र वजारी करण गर्न आवश्यक निती अवलम्वन गरी आन्तरीक आम्दानी वृद्धी गर्ने लक्ष्य लिइनेछ ।
- स्थानीय कलाकृतिको संरक्षण गर्ने उद्यमीलाइ प्रोत्साहन गरिने छ ।
- एक घर एक उद्यमी एक टोल एक उत्पादन एक वडा एक उद्योग स्थापनाका लागि आवश्यक कार्य अगाडी बढाईनेछ ।
- उत्कृष्ट युवा उद्यमीलाई प्रोत्साहन र सम्मान गर्नका लागी आवश्यक मापदण्ड निर्माण कार्यको थालनी गरिनेछ ।

- पालिका भित्र उत्पादित उद्यमीले उत्पादन गरेका बस्तुहरुको बजारीकरणको सुनिश्चितता गरिने छ ।
- लघुतथा साना घरेलु उद्योग स्थापना तथा सञ्चालनका लागी दर्ता प्रकृयामा सहजिकरण गर्न घरेलु तथा साना उद्योग कार्यालय र आन्तरिक राजस्व कार्यालय संग आवश्यक समन्वय गरिने छ ।

## (ग) पर्यटन तथा संस्कृती

- गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा सांस्कृतिक पर्यटकिय पुर्वाधारको विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्धन गर्ने नीति लिइने छ ।
- स्थानीय चाडपर्व, मेला, दिवस संरक्षण तथा सम्बर्द्धन लागि प्रचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानिय मौलिक संस्कृति, भाषा, भेषभुषा, सभ्यता, संगीत, नृत्यको संरक्षण तथा सम्बर्द्धनका लागि कार्यक्रम सञ्चालन गरिने छ, साथै धामि, पण्डा, भरणीया, पुजारीलाइ सम्मानको कार्यक्रम ल्याइनेछ ।
- स्थानीय मौलिक कला संस्कृतिको जगेर्ना गर्न संग्रहालय स्थापना कार्यलाइ थप प्रभावकारी वनाइ संचालनमा ल्याइनेछ ।
- गाउँपालिका भित्रका सबै ऐतिहासिक,प्राकृतिक, पर्यटकिय तथा धार्मिक स्थलको श्रव्य दृष्य डकुमेन्ट्री तयार गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रसार प्रचार गरीनेछ ।
- परम्परागत पुराना संस्कृती जस्तै फाग, भैलो, होली ,चैत, धुमारी,गौरानाच जस्ता सांस्कृतिक धरोहरको संरक्षणमा उच्च प्राथमिकता दिइनेछ र प्रर्दसनीको कार्यक्रम गरिनेछ ।
- अजयमेरुकोटको पर्यटकीय पूर्वाधार विकास तथा पुरातात्विक संरक्षणका लागि संघिय सरकार र प्रदेश सरकार संग समन्वय र साझेदारी गरिने छ ।

- तिन वटै सहिद स्मृति पार्क सहित सबै पार्कलाई व्यवस्थित गरि पर्यटक भित्र्याउने निति लिइनेछ ।
- अजयमेरु गाँउपालिको पहिचान र यस क्षेत्रका पर्यटकीय स्थलको पहिचान गराउने उद्धेश्यले अजयमेरुमहोत्सवकोआयोजना गरिनेछ ।
- **"अजयमेरु क्षेत्रको पहिचान कला संस्कृतिमा अजयमेरुको शान"** भन्ने अवधारण अनुरुप " **हाम्रो अजयमेरु हाम्रो गौरा"** कार्यक्रम संचालनमा ल्याइनेछ ।
- सामाजिक—सांस्कृतिक तथा पर्यावरणीय महत्वका मन्दिर, नदिनाला, बनजगंल आदिको संरक्षण एवं सम्बर्द्धन गर्नेकार्यक्रमहरु ल्याईनेछ ।
- पर्यटन उद्योगको विकास एवं प्रर्वधनका लागि आन्तरिक पर्यटन विकासलाई जोड दिइनेछ ।
- गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरुको वजारीकरण गर्न आधुनिक सूचना प्रविधिको उपयोग तथा सञ्चार क्षेत्र संग सहकार्य गरिनेछ ।
- अजयमेरुकोट, देवल, गणेशधुरा, मगराउ, शिखर, जगन्नाथ, डागेश्वरी,कोला समैजि, गंगेश्वर, दुर्गाभगवति,चोरा भगवति, सहस्त्रलिङ्ग वेताल,हंसराज, लटाकटारी,खिरेश्वर घनघस्या लेक,रानीवन लगायतका स्थानको समग्र गुरुयोजना निर्माण गर्नेकार्यलाई निरन्तरता दिईनेछ ।
- अजयमेरु कोट, देवल पार्क, भागेश्वर धुरा, झालमाण्डौ लगायत पर्यटकीय क्षेत्रमा भौतिक संरचनाका कामहरुलाईनिरन्तरता दिइनेछ ।
- घनघस्या लेक,रानीवन लगायतका स्थानको ब्रुसर निर्माण गरिनेछ ।
- "हरेक गाउँ एक सार्वजनिक ठाउँ"नाराकासाथ पालिकाका सबै वडामा नागरिक आरोग्य केन्द्र संचालनका लागि सम्भाव्यता अध्ययन गरिने छ।
- पर्यटनस्थल पहुँच मार्ग निर्माण, विस्तार तथा स्तरीकरणमा जोड दिइने छ ।
- अजयमेरु गाउपालिका वडा नम्बर ४ मा रहेको डोटेली संग्रहालयलाई संचालनमा ल्याईनेछ।
- प्राचिन कालमा निर्मित बगरहरुको संरक्षण तथा पुनर्निर्माण गरिनेछ ।

- डागेश्वरी, गंगेश्वर मन्दिर क्षेत्र भित्र धार्मिक बन स्थापनाका लागि पहल गरिने छ ।
- संघ र प्रदेशको सहयोगमा वडा नं. ६ मा देवदार संरक्षण क्षेत्र स्थापनाका लागि आवस्यक कार्य गरिने छ ।
- देवल भागेश्वर पदमार्ग स्थापना गरि पर्या पर्यटनलाइ प्रवर्धन गरिनेछ ।
- साहसिक पर्यटनको सम्भावित क्षेत्र अन्तर्गत पसेला डुङरीमा वन्जिजम्पको सम्भाव्यता अध्ययन गरिने छ ।
- पुरातात्विक सम्पदाको पुनर्निर्माण तथा मर्मत गर्दा आधुनिक प्रविधिको प्रयोगलाई निरुत्साहित गरिनेछ ।
- काष्टकला, मूर्तिकला, बास्तुकला तथा अन्य स्थानिय कलाहरुको बजारिकरणका लागि निजि क्षेत्र संग समन्वय गरिनेछ ।
- गाउँपालिकाका सबै वडामा होमस्टे सञ्चालनका लागी सम्भाव्यता अध्ययन गरिनेछ ।

**(घ) सहकारीः**

- गाउँपालिका भित्रका सबै सहकारीलाइ मर्ज गर्न प्रोत्साहित गरी सहकारीको स्तरीकरण र सवलीकरण गर्ने निती लिइनेछ ।
- समुदायका सदस्यहरुलाई सहकारीको माध्यमबाट एकजुट भई साना उद्योग व्यवशाय सञ्चालन गर्न उत्प्रेरित गर्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका सबै घरधुरीलाई सहकारी संग आवद्ध गर्न सहकारी साक्षरता कार्यक्रम गरिनेछ ।
- सहकारीहरु प्रति जनमानसमा घट्दो बिश्वास बढाउन पालिकाको अधिकार क्षेत्र भित्र पर्ने सहकारीहरुको नियमनलाई प्रभावकारी वनाईने छ ।
- कृषि सहकारी गठन, पुर्नगठन, विस्तार गरि कृषिलाई सहकारीसँग जोड्ने नीति अवलम्बन गरिने छ ।

- सहकारी सुशासन तथा संस्थागत क्षमता अभिबृद्धिका लागि व्यवस्थापन तथा लेखापालन तालीम सञ्चालन गरिने छ ।
- विगतका अनुदानमा संचालीत सुपथ मुल्यका सहकारी पसलको खोज गरी ब्यवस्थीत गरीनेछ ।
- गरिवि निवारण कोष र स्थानिय विकास कोषको रकमलाइ सहकारी संग जोडि परिचालन गरिनेछ ।
- गाउँपालिका भित्रका सहकारी संस्थाहरुलाई उत्पादनशिल र रोजगारी सिर्जना गर्ने कार्यक्रम तर्फ प्रोत्साहितगरिनेछ ।
- सहकारीको अनुगमन निरीक्षण गरी वित्तीय सुशासन कायम गर्न तर्फ जोड दिइनेछ ।
- सहकारीको माध्यमबाट व्यवसायिक कृषि, घरेलु तथा साना उद्योगको स्थापना गरी नागरिकहरुको जीवन स्तर उकास्ने नीति लिइनेछ ।
- खानेपानी योजनाको मर्मत संभार कोषलाई सहकारी सँग जोडने निति लिईनेछ ।
- तीन खम्बे अर्थनीतिलाई आत्मसात गर्दै व्यवशायिक कृषि र साना उद्योगहरुमा महत्वपूर्ण भूमिका प्रदान गरि सहकार्य अघि बढाइने छ ।
- सहकारीलाई गरिबि निवारण,रोजगारी सृजना र आर्थिक बृद्धिको मेरुदण्डको रुपमा बिकाश गरिनेछ ।
- कृषि तथा रोजगारी प्रर्वद्धन कार्यक्रममा सहकारी परिचालन गरि आर्थिक विकासका क्रियाकलापहरु संचालन गरिनेछ ।
- “ **सक्षम सहकारी भरिन्छ भकारी** ” भन्ने मूल नाराका साथ वडामा संचालित कृषि सहकारीहरु मार्फत कृषकलाइ घुम्ती तथा बिउपुजी कोष संचालन गरिनेछ ।
- सहकारीको ऋण प्रवाहमा आइपर्ने समस्या समाधानका लागि आवस्यक पहलकदमी गरिनेछ ।
- पालिका भित्र रहेका सम्पूर्ण सहकारि संस्था र बचतकर्तालाई सहकारी शिक्षा प्रदान गरिनेछ ।

## (ङ) वित्तीय क्षेत्र

- नागरिकलाई बैंकिङ्क सेवामा पहुँच अभिबृद्धि गर्न गाउँपालिका भित्र स्थापित बैंक तथा वित्तीय संस्थाहरुलाई जनताको घर दैलोसम्म पुग्ने बातावरण सृजना गरिने छ ।
- वित्तिय क्षेत्रहरुलाई पूजी निर्माण हुने, उत्पादनशील क्षेत्र र रोजगारी सृजना हुने क्षेत्रहरुमा लगानी गर्न उपयुक्त वातावरण सृजना गरिनेछ ।
- यस गाउपालिका भित्र थप वित्तीय संस्था स्थापना गर्नका लागि आकर्षण गर्ने नीति अवलम्बन गरिने छ ।
- अजयमेरु गाउँपालिकामा रहेको ग्लोबल आई. एम. ई. बैंङ्कमा ए. टी. एम.सेबा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।
- वित्तीय संस्थाहरुलाइ ब्यवसायीक कृषि तथा अन्य आयमुलक कार्यमा ऋण लगानी तथा अनुदान गर्न सहजीकरण गरीनेछ ।
- वैङ्क तथा वित्तिय संस्थामा सर्वसाधारणको पहुचको सुनिस्चितता गरिनेछ ।
- गाउँपालिका भित्र वित्तिय क्षेत्रको लगानी भित्र्याउन उपयुक्त वातावरणको सृजना गरि वित्तिय क्षेत्रलाई सर्वसाधारण संग जोडीनेछ ।
- गाउँपालिका भित्र कार्यक्षेत्र भएका लघुवित्त संस्थाहरुलाई नियमन गरिनुका साथै बैङ्क तथा लघुवित्तहरुलाई सामाजिक उत्तरदायित्व कार्यक्रम कार्यान्वयन गर्न पालिका संग समन्वय गर्न लगाइनेछ ।
- गाउँपालिकामा रहेको सम्पूर्ण जनसंख्याको ४० प्रतिसत नागरीकलाइ बैङ्क खाता मार्फत कारोवार गराउन प्रोत्साहित गर्ने निति अवलम्वन गरिनेछ ।

## (च) युवा तथा रोजगारी :

- गाउँपालिकामा रहेका वेरोजगार युवाहरुका निम्ति रोजगार सम्बन्धि सुचना र कार्यक्रममा पहुँच बढाउन रोजगार सेवा केन्द्र मार्फत आवश्यक व्यवस्था गरिनेछ ।

- युवाहरुलाई दुर्व्यशन, हिंसा र कुलतबाट मुक्त गराउन नैतिक शिक्षा, योग, ध्यान आत्मसुरक्षा कला तर्फ आकर्षित गर्नेगरी शिक्षा शाखा र स्वास्थ्य शाखाका कार्यक्रमहरुलाई अन्तर सम्बन्धित गरि सञ्चालन गरिनेछ ।
- रोजगारीको शिलसिलामा बिदेश गएका युवाहरुले आर्जन गरेको बिप्रेशण रकमलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्नेगरि सुचना प्रविधिका माध्यमबाट सचेतना मुलक सन्देश पठाईने व्यवस्था मिलईनेछ ।
- युवा साक्षरतालाई सिप विकास र उद्यमशिलता तालिम संग जोड्दै विद्यालय संगको समन्वयमा एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुचना प्रविधि क्षेत्रमा युवाहरुलाई आवद्ध गर्न कम्प्युटर ल्याब भएका विद्यालयमा सेवा क्षेत्र भित्रका वेरोजगार युवाहरुलाई हप्तामा एक दिन कम्प्युटर ल्याबमा युवा कार्यक्रमको थालनी गरिनेछ ।
- अजयमेरु गाउँपालिकाका युवाहरुलाई रोजगरी तर्फ आकर्षित गर्न लोकसेवा तथा शिक्षक सेवा आयोग लगायत अन्य प्रतिसपर्धात्मक परिक्षाका तयारी कक्षाहरु सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।
- युवाहरुलाई उद्यमशिलता अभिवृद्धि गर्नका लागि रोजगारीका कार्यक्रमहरु संचालन गरिनेछन ।
- एक गाउँ एक युवा समुहको अवधारणा अवलम्बन गरि उत्पादन संग जोड्ने नीति लिइनेछ ।
- युवाको मागमा आधारीत रहेर सिप विकास तालिम संचालन गरिनेछ ।
- युवाहरुलाई विभिन्न कार्यक्रम मार्फत रोजगारी तथा युवा उद्यमशिलताको विकास गरिनेछ
- युवा केन्द्रीत विविध कार्यक्रम लागु गरिनेछ ।
- सिप सिकेका तर प्रमाणपत्र नपाएका युवालाई सिप परिक्षणका लागि प्रोत्साहित गरिनेछ
- दक्ष कामदारहरुको तथ्यांक संकलन गर्ने कार्य अगाढी बढाइने छ

## <u>२ सामाजिक क्षेत्र</u>

### (क) शिक्षाः

- प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं प्रदत्त हकलाई व्यवहारमा कार्यान्वयन गर्न अनिवार्य तथा निशुल्क शिक्षा प्राप्तिका लागि आधारभूत मापदण्डहरु निर्माण गरि अनिवार्य कार्यान्वयन गरिनेछ ।
- अभिभावककोइच्छागुणस्तरीयशिक्षाकार्यक्रमअन्तर्गतअभिभावकभेटघाटतथा गाउँपालिकास्तरमा अभिभावकसँग कार्यशालासंचालनगर्नेविद्यालयहरुसँगआवश्यकसहयोगरसमन्वयगरिनेछ|
- विद्यार्थीसँग अध्यक्ष भेटघाट कार्यक्रम प्रत्येक वडामा आयोजनागरिनेछ|
- विद्यार्थि भर्ना कार्यक्रमलाई प्रभाकारी बनाउन भर्ना कार्यक्रम सघन रुपमा सञ्चालनगर्ने गरि सामुदायिक सिकाइ केन्द्रहरु समेत परिचालन गरिनेछ।
- विद्यालय वाहिर रहेका विद्यालय उमेर समूहका सबै बालवालिकाहरुलाई अनिवार्य विद्यालयमा भर्ना गराई आधारभूत तहसम्मको शिक्षा हासिल गराउनका लागि गाउँपालिकाका सबै शैक्षिक सयन्त्रहरुलाई आवश्यक सहजिकरणका लागि कार्ययोजना सहित परिचालन गरिनेछ ।
- विद्यार्थीहरुको कक्षा छोड्ने दरलाई शून्यमा पुऱ्याउने नीति अवलम्वन गरिनेछ ।
- बालविकास तहमा कार्यरत सहजकर्ताहरुको क्षमता अभिवृद्धि गरि बालविकास कक्षादेखि नै मूल्यांकनका आधारहरु तय गरि बालवालिकाहरुको मूल्यांकन परिपाटिको विकास गरिनेछ ।
- “शिक्षामा गरिने खर्च, खर्च होइन लगानी हो”भन्ने नाराका साथ विद्यालयहरुको शैक्षिक उपलब्धी सुधार गर्न सरोकारवालाहरुसँग अन्तरक्रियात्मक छलफल गर्न सबैको व्यापक सहभागितामा **शैक्षिक सम्मेलन आयोजना**गरिनेछ ।
- विषयगत शैक्षिक उपलब्धी सुधारका लागि गाउँपालिका अन्तरगत रहेका विषयगत शिक्षकहरुको विषयगत क्षमता विकास गर्न **विषयगत शिक्षक सम्मेलन आयोजना**गरिनेछ ।

- बढ्दो प्रविधि तथा सामाजिक सञ्जालको उपयोग हुने गरि प्रविधिमैत्री शिक्षकका लागि सामाजिक सञ्जालहरुमा **डिजिटल शिक्षक समूह** निर्माण गरि नविनतम सूचना तथा जानकारीहरु मार्फत शिक्षकहरुलाई सक्रिय बनाउने नीति अवलम्बन गरिनेछ।
- शिक्षा दिवस तथा गाउँपालिकाले विशेष अवसरपारि शिक्षा क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने संस्थापक, सामाजिक अगुवा, शिक्षक तथा कर्मचारिहररु तथा शिक्षा क्षेत्रमा विशिष्ट योगदान गर्नेलाई सम्मान गरिनेछ ।
- लामो समयसम्म यस गाउँपालिका अन्तरगतका विद्यालयमा सेवा गरेका शिक्षक कर्मचारिहरुलाई अनिवार्य अवकास हुने शैक्षिक वर्षमा सम्मान गर्ने नीति लिइनेछ ।
- **विद्यालयका शैक्षिक गतिविधि**, **सामुदायिक विद्यालयमा जनप्रतिनिधि**भन्ने नारा सहित प्रत्येक महिना एक जनप्रतिनिधि एक विद्यालयमा अनिवार्य अवलोकन भ्रमण गर्ने कार्यको थालनि गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा जनप्रतिनिधि तथा कर्मचारीहरुका सन्ततीहरुलाई भर्ना गर्न उत्प्रेरित गर्ने नीति लिइनेछ ।
- शैक्षिक गुणस्तर सुधार तथा पालिकामा कार्यरत शिक्षकहरुलाई सबै भौगोलिक वडाको अनुभव दिलाउन आवधिक सरुवा प्रणाली स्थापनाका लागि मापदण्ड निर्माण कार्यको थालनी गरिने छ साथै विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षको कार्यसम्पादन मुल्याङ्कन र सरुवासँग आवद्ध गरिने छ।
- शैक्षिक गुणस्तर सुधारका लागि लगातार २ बर्षसम्म सन्तोषजनक नतिजा ल्याउन नसक्ने शिक्षकलाई अन्यत्र विद्यालय सरुवा गर्ने नीति लिइने छ।
- वार्षिक रुपमा उत्कृष्ट शैक्षिक उपलब्धी हासिल गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- कम विद्यार्थी भएका वा भौगीलिक रुपमा नजिक रहेका विद्यालयहरुलाई एक आपसमा मर्ज हुन चाहेमा प्रोत्साहन अनुदान दिइनेछ साथै विद्यालय मर्ज तथा तह मिलान भएका विद्यालयहरुलाई प्रोत्साहन स्वरुप निश्चित रकम अनुदान उपलब्ध गराइनेछ

- विद्यालय शिक्षामा सुधार गर्न गाउँ शिक्षा नीति समय सापेक्ष बनाउनुका साथै विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गर्न व्यवस्थापन समिति तथा शिक्षक कर्मचारीहरुलाई तालिम तथा प्रोत्साहन गरिनेछ ।
- प्राविधिक धार सञ्चालन गरेका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक परीक्षाका लागि किसानको बारिमा अनिवार्य खटाउने व्यवस्था गरिनेछ ।
- भिन्न क्षमता भएका बालवालिकाहरुको तथ्यांक अध्यावधिक गरि उनीहरुलाई क्षमता अनुसारको शैक्षिक उपलब्धी अभिवृद्धीका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- विद्यालयहरुको भौतिक पक्षमा हुँदै गएको सुधारात्मक अवस्थालाई मध्यनजर गरि विद्यालयको सौन्दर्यिकरणका लागि **एक विद्यालय एक फूलबारीको**अवधारणालाई व्यवहारतः लागू गरिनेछ ।
- विद्यालयहरुको नियमित अनुगमन तथा निरीक्षण कार्य एकीकृत रुपमा सञ्चालन गरिनुका साथै तेस्रो पक्ष निरीक्षणका लागि बाह्य व्यक्तिहरुबाट समेत संलग्न गराइनेछ ।
- नियमित प्रधानाध्यापहरुको बैठक गरि विद्यालयका हरेक गतिविधिहरुको समिक्षात्मक विश्लेषण गर्न शिक्षा क्षेत्रमा असल कार्य गरेका व्यक्तिहरुलाई आमन्त्रित गरिनेछ ।
- टुहुरा, जेहेन्दार, शहिद बालवालिका, वेपत्ता तथा घाइते परिवारका छोराछोरीहरुलाई उच्च शिक्षाका लागि छात्रवृत्ती उपलब्ध गराइनेछ ।,
- शैक्षिक गुणस्तर अभिवृद्वी गर्न शिक्षक कर्मचारीहरुको उपलब्धीका आधारमा प्रोत्साहन गर्ने नीतिमा निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयहरुमा विषयगत शिक्षकहरुको समस्या समाधानका लागि स्वयमसेवक शिक्षक कार्यक्रमको निरन्तरता दिइनेछ ।
- **म खेल्छु, मेरो गाउँपालिका खेल्छ**भन्ने नारा सहित विद्यालयस्तरदेखि नै खेलकुदप्रति विद्यार्थीहरुको रुचि जगाउन गाउँपालिका स्तरमा खेलकुद कार्यक्रमहरु सघनरुपमा आयोजना गरिने कार्यको निरन्तरता लिने नीति अवलम्वन गरिनेछ ।

- सबै वडा कार्यालयमा कार्यरत खेलकुद शिक्षकहरुको निरन्तरता सहित सबै विद्यालयमा खेलकुद शिक्षक अनिवार्य संलग्न हुने गरि कार्य योजना बनाइ खेलकुद प्रशिक्षकहरुसँग कार्य सम्पादन करार गरिनेछ ।
- प्राविधिक तथा उच्च शिक्षा अध्ययन गरि सकेका युवाहरुलाई सामुदायिक विद्यालयमा स्वयमसेवा गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- कक्षा ८ र एसइइ मा उत्कृष्ट नतिजा ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीहरुलाई सम्मान गरिनेछ ।
- आधारभूत तह पुरा नगरि अध्ययन छोडेका सबै बालवालिकाहरुलाई अनिवार्य आधारभूत तह पुरा गराउने नीति अवलम्बन गरिनेछ ।
- शिक्षकहरुलाई प्रविधिसँग परिचित गराइ कक्षा शिक्षणमा प्रविधिको प्रयोग गरि शिक्षण कार्यको थालनीका लागि उनीहरुको क्षमता विकास गरिनेछ ।
- यस गाउँपालिकाबाट चिकित्सा शिक्षा **(MBBS)** अध्ययनका लागि छनौट भएका विद्यार्थीहरुका लागि **MBBS**अध्ययन छात्रवृत्ती उपलब्ध गराउने कार्यक्रमको निरन्तरता दिइनेछ ।
- **हरेक बार, खाना चार**तालिका अवलम्बन हुने गरि विद्यालयमा अध्ययनरत सबै बालवालिकाहरुको पोषण सुधारका लागि विद्यालय दिवाखाजा तथा पोषण अन्तरगतका सबै कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको निरन्तरता दिइनेछ ।
- विद्यालयमा रहेका सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला र पुस्तकालयको सुधार गरि अनिवार्य प्रयोगमा ल्याउने गरि व्यवस्थापनमा सुधार गरिनेछ ।
- गाउँपालिका स्तरबाट सञ्चालन हुने गरि कक्षा ८ को परीक्षा तथा विद्यालय स्तरका परीक्षाहरु सञ्चालनमा एकरुपतामा सञ्चालन गरिनेछ साथै सबै कक्षाका सबै विषयमा प्रश्नहरु मापदण्ड अनुसारमा हुने गरि निर्माण गर्न प्रश्नपत्र निर्माण कार्यशाला आयोजना गरिनेछ ।
- विद्यालय स्तरीय स्वास्थ्य सेवा कार्यक्रमको निरन्तरता हुनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत सबै स्वीकृत बालविकास तथा विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारको न्यूनतम मापदण्ड अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

- सम्पर्ण शिक्षक कर्मचारीहरुलाई वार्षिकरुपमा निश्चित रकम प्रोत्साहन भत्ता उपलब्ध गराइने कार्यक्रमको निनरन्तरता दिइनेछ ।
- शैक्षिक क्षति न्यूनिकरणका लागि सबै विद्यालयमा थप कक्षा सञ्चालनका लागि शिक्षकहरुलाई वार्षिक अनुदान रकम उपलब्ध गराइनेछ ।
- यस गाउँपालिकामा नयाँ नियुक्त भएका शिक्षकहरुलाई मेन्टर शिक्षकहरु मार्फत अनुगमन गराइ उनीहरुको क्षमता विकासका लागि कार्यक्रमको निरन्तरता दिइनेछ ।
- प्रधानाध्यापक र शिक्षक कार्यसम्पादन करार सम्झौताका लागि गाउँपालिका स्तरमा प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करार सम्झौता कार्य निनरन्ता दिइनेछ ।
- सबै विद्यालयहरुमा इन्टरनेट सुविधाकोलागि अनुदान रकमको निरन्तरता दिइनेछ ।
- सबै बालविकासहरुका लागि आवश्यक खेल सामग्रीको उचित व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकास्तरमा बाल सञ्जाल गठन गरि बाल अधिकार संरक्षण तथा सम्वर्धनका लागि विद्यालयस्तर तथा गाउँपालिक स्तरमा कार्यक्रहरुको आयोजना गरिनेछ ।
- बालविबाह तथा दुर्वयसनको बढ्दो समस्या समाधानका लागि चेतनामूलक कार्यक्रमहरु आयोजना गर्न गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरि कार्यक्रहरुको आयोजना गरिनेछ ।
- विद्यालयहरुमा रहेका दलित तथा हलियाका बालवालिकाहरुका लागि थप कक्षा सञ्चालन गर्न गैरसरकारी संस्थाहरुसँग समन्वय गरि कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- विद्यालय प्रविधि हस्तान्तरण कार्यक्रमको निरन्तरता दिइनेछ ।
- हामी बनाउँछौं हाम्रो विद्यालय कार्यक्रम अगाडी बढाउन मापदण्डकाका आधार तय गरि आवश्यक नीति निर्माण गरि कार्यान्वय गरिनेछ ।
- सबै विद्यालयहरुलाई अनिवार्य पूर्व विद्यार्थी समाज गठन गर्न लगाइ विद्यालयको समग्र विकास कार्यमा उत्प्रेरित गर्ने नीति अवलम्बन गरिनेछ ।

- यस गाउँपालिकामा कार्यरत सामुदायिक सिकाइ केन्द्रहरुलाई अनिवार्य तथा निशुल्क शिक्षाका लागि आवश्यक कार्य सञ्चालन गर्न लगाइनेछ ।
- नेपाल सरकारबाट नमुना विद्यालयको लागि भौतिक तथा शैक्षिक सुधारका लागि प्राप्त रकमको सहि उपयोग हुने गरि कार्यक्रमको निरन्तरता दिइनेछ ।
- विद्यालयस्तरमा खेलकुदको विकासका लागि एक माध्यमिक विद्यालय एक सम्पर्क शिक्षक कार्यक्रमको निरन्तरता दिइनेछ ।
- विद्यालयको सूचना तथा जानकारीका लागि सबै विद्यालयमा सूचना तथा गुनासो अधिकारी तोक्ने नीति ल्याइनेछ ।
- विद्यालयमा अध्ययनरत छात्राहरुलाइ निशुल्क वितरण गरिने सेनेटरी प्याड वितरणमा सहजता ल्याउन अनिवार्य महिला शिक्षक सम्पर्क शिक्षक हुने गरि कार्यान्वयमा ल्याइनेछ ।
- शैक्षिक भ्रमणमा विद्यार्थीको भ्रमणका लागि विद्यालयहरुलाई निश्चित रकम अनुदान दिने कार्य निरन्तरता दिइनेछ ।
- विद्यालयहरुलाई जुनियर रेडक्रस तथा स्काउट गठन अनिवार्य गरिनेछ ।
- विद्यालयको तथ्यांकलाई व्यवस्थित गर्न IEMISसम्बन्धी कार्य गर्ने शिक्षकलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- विषयगत शिक्षकहरुको समूह गठन गरि विषयगत समस्या समाधान कार्यको सुरुवात गरिनेछ ।
- सबै कक्षा र सबै विद्यालयका विद्यार्थीहरुको हातहातमा स्थानिय विषय हाम्रो अजयमेरु निशुल्क वितरणका लागि वैशाख पहिलो हप्ता मै विद्यालयलाई उपलब्ध गराइनेछ ।
- सबै विद्यालयका बालवालिकाहरुको हातहातमा निशुल्क पाठ्यपुस्तक पुग्ने गरि चैत्र पहिलो हप्ता विद्यालयको खातामा अनुदान रकम निकासा गरिनेछ ।
- सबै शिक्षक केमचारीहरुको खातामा नै मासिक तलब भुक्तानि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- अंग्रजी माध्यमबाट पठनपाठन गर्ने विद्यालयलाई निश्चित रकम अनुदान प्रोत्साहन गरिने नीति अवलम्बन गरिनेछ ।
- विद्यालय दिवाखाजा व्यवस्थापनका लागि श्री अजयमेरु आधारभूत विद्यालय अजयमेरु २ रोल्ली र श्री समैजी प्राथमिक विद्यालय अजयमेरु २ हाटमा

जीवन रक्षा केन्द्रसँग समन्वयात्मक कार्य निरन्तरता दिइनुका साथै थप विद्यालयमा यस कार्यक्रमलाई विस्तार गर्न आवश्यक सहकार्य गरिनेछ ।

- विद्यार्थी सिकाइ कार्यलाई थप प्रभावकारी बनाउन शिक्षक डायरीको प्रयोगको निरन्तरता दिइनेछ ।
- जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक छात्रवृत्तिका लागि सबै वडा कार्यालय मार्फत कार्यविधिका आधारमा छात्रवृत्ति उपलब्ध गराइने नीतिको निरन्तरता हुनेछ ।
- विद्यालयको बाह्यवातावरणमा हरियाली र सरसफाई कार्यलाई व्यवस्थित गर्दै ३ तारे विद्यालय घोषणा कार्यक्रमलाइ निरन्तरता दिइनेछ |
- विद्यार्थी नेतृत्वको विकास हुने गरि प्रतेक हप्ता कक्षा मोनिटरको परिवर्तन गर्दै व्यवस्थापन गर्ने नीति ल्याईनेछ |
- विद्यालयमा अनिवार्य गुनासो पेटिका राख्ने व्यवस्था मिलाइने छ |
- बालबिबाहलाइ निरुत्साहित गर्न स्तनक तह उतिर्ण गरि विवाह गर्ने छात्रालाइ पुरस्कृत गरिनेछ |
- विद्यार्थीहरुलाई सामाजिक उत्तरदायित्व बोध गराउन सामाजिक कार्यमा सहभागी गराई माटो र पसिनालाई सम्मान गर्ने जनशक्ति उत्पादनमा जोड दिइनेछ।
- विद्यालयमा शतप्रतिशत हाजिर हुने शिक्षक कर्मचारीहरुलाई प्रोत्साहन गरिने नीति अवलम्वन गरिनेछ ।
- विद्यालयमा नियमित गईआफ्ना नानीबाबुहरुको शैक्षिक प्रगति बारे जानकारी लिने सक्रिय अभिभावकहरुलाई सम्मान गर्न विद्यालयहरुमा कार्यक्रम आयोजना गरिनेछ ।
- दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुदका विविध कार्यक्रमहरु संचालन गरिने छ ।
- गाऊँपालिकाको आफ्नै योजना वा अन्य साझेदार संस्था मार्फत गाउँपालिका स्तरीय खेलकुद , अध्यक्ष कप प्रतियोगिता , राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता

,आधारभुत विद्यालय स्तरिय खेलकुद प्रतियोगिता,मैत्रीपूर्ण शिक्षक खेलकुद प्रतियोगिता आयोजना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- योग गरौ निरोगी बनौ भन्ने मूल नाराका साथ पालिका भित्रका खेलाडी तथा अजयमेरु गा.पा वासिन्दा लाई योग अवसरको सिर्जना गरिनेछ ।
- गाउँपालिकाका खेलाडीहरुलाई स्वास्थ्य बिमामा आबद्ध गराईनेछ ।
- विद्यालय नर्स कार्यक्रम लागु गरिनेछ ।
-

<u>(ख) स्वास्थ्य</u>

- **“अध्यक्षको चाहना स्वास्थ्य निरोगी जनता”** कार्यक्रम अन्तरर्गत ६० वर्ष माथिका नागरिकहरुलाई नियमित स्वास्थ्य परीक्षणका लागि, जनप्रतिनिधि सहित घरघरमा स्वास्थ्यकर्मी जाने अभियान लाई निरन्तरता दिइनेछ ।
- **“गाउँघरमा डाक्टर कार्यक्रम”**मार्फत महिनामा एक पटक हरेक वार्डमा डाक्टर सहितको भिडियो एक्सरे, ई.सी.जी सेवा सञ्चालन कार्यक्रम अगाडी बढाईनेछ ।
- बाल स्वास्थ्य, खोप, पोषण, भिटामिन ए कार्यक्रमलाई प्रभावकारी बनाई प्रत्येक वडामा २ बर्ष मुनिका बालबालिकाको पोषण लेखाजोखा गरि अति कुपोषीत वालवालीका केन्द्रीत बिशेष पोषण प्याकेज संचालन गरिनेछ ।
- आ. व २०८१।८२ भित्र अस्पतालको भवन निर्माण सम्पन्न गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि गर्दै प्रभावकारी रुपमा सवै जनताको स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।
- स्वास्थ्यको पहुँचबाट टाढा रहेका वस्तीहरुमा सञ्चालीत सामुदायिक स्वास्थ्य इकाइ लाइ निरन्तरता दिदै गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नमा जोड दिइनेछ ।

- No More Home Deliveryकार्यक्रम प्रभावकारी ढँगले अगाडी बढाइ आगामि आ व मा गाउपालिकालाई No More Home Deliveryगाउपालिकाको घोषणाको आधार तयार गरिनेछ ।
- ग्रामिण भिडियो एक्सरे सेवा विस्तार गरीनेछ ।
- आधारभुत अस्पतालबाट डाक्टर सहितको ई.सी.जी., भिडीयो एक्स रे, एक्स रे,प्रयोगशाला, ओ.पि.डी सेवा लाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्रका प्रत्येक बिर्थङ सेन्टरमा महिलाहरुको निशुल्क पाठेघरको क्यान्सर रोगको परिक्षण गर्ने व्यवस्था मिलाईने छ ।
- स्वास्थ्य चौकीहरुमा ल्याव प्राविधिक जनशक्ति सहित संचालीत ल्यावहरुलाई निरन्तरता दिदै आधुनिक उपकरण सहित प्रभावकारी बनाइनेछ ।
- सामुदायीक स्वास्थ्यलाइ प्रभावकारी वनाउन समुदायमा नियमित स्वस्थ्यकर्मी भेटघाट कार्यक्रम अघि बढाइनेछ ।
- स्वास्थ्य सेवालाइ थप प्रभावकारी वनाउन विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिवीर र योग शिविर, आर्युवेद सेवाको शिविर संचालन गरिनेछ ।
- निसुल्क औषधी वितरण कार्यक्रमको सुचीमा नभएका केहि शसुल्क औषधी निसुल्क वितरण गरिनेछ ।
- मातृ तथा बालस्वास्थ्यका लागी महिला स्वास्थ्य स्वयम्सेवीका र स्वास्थ्य संस्थालाई प्रदान गरिदै आएको सञ्चार खर्चलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा सल्यक्रिया सहितको आँखा सिविर संचालन गरिनेछ ।
- भद्रपुर आधारभूत अस्पताल ,चमडा, देवल र राजुल स्वास्थ्य चौकीमा संचालित २४ घण्टे फार्मेसि सञ्चालनलाई निरन्तरता दिदै थप अनुगमन तथा प्रभावकारी गरिनेछ ।
- खोप वितरणको उपकेन्द्रलाई थप व्यवस्थीत गरि निरन्तरता दिईनेछ ।
- आधारभुत स्वास्थ्य सेवा अन्तरर्गत तोकिएका सवै औषधीहरुको आपुर्ति दुरुस्त राख्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- नागरिक आरोग्य सेवा केन्द्रबाट पुर्वकर्म तथा पञ्चकर्म सेवालाई निरन्तरता दिइनेछ ।

- आखा उपचार केन्द्रलाई निरन्तरता दिइनेछ ।
- MSS कार्यक्रम लाई लाई थप प्रभावकारी बनाउन तथा गुणस्तरीयता कायम गर्न आवश्यक बजेट सहित निरन्तरता दिइने छ ।
- गरिव तथा बिपन्न जटिल गर्भवतिहरुलाई प्रेषण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- कुपोषण मुक्त गा. पा. को आधार तयार गरिनेछ ।
- बिद्यालय किशोरी आईरन कार्यक्रम कार्यक्रम अन्तर्गत किशोरीहरुलाइ आइरन खुवउने कार्यक्रमलाई लाइ थप प्रभावकारी बनाइनेछ ।
- एम्वुलेन्स सेवामा गरिव तथा अति विपन्न परिवारका विरामीलाई ५०% छुटको व्यवस्था गर्न मापदण्ड निर्माण गरिने छ।
- पोषण मैत्री स्वास्थ्य चौकी र वडा हुदै गाउँपालिकालाई पोषण मैत्री बनाउनको लागि १ न. वडा बाट कार्यक्रमको सुरुवात गरिनेछ ।
- किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था स्थापना कार्यक्रमलाई आगामि आ.व. मा निरन्तरता दिएको छु र आगामि आ व मा देवल चिपुर र चमडा स्वास्थ्य चौकी लाइ किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गरिनेछ ।
- स्वस्थ्यकर्मिलाई प्रोत्साहन स्वरुप रु ३००० र उत्कृष्ट स्वस्थ्यकर्मिलाइ पुरस्कृत गर्ने निति लिइनेछ ।
- आठ पटक गर्भजाँच लाई थप प्रभावकरी बनाउन गर्भजाँच प्रोत्साहन कार्यक्रम लाई निरन्तरता दिईनेछ ।
- **"अजयमेरुगाउँपालिकाको शान स्वास्थ सवल र समृद्ध नागरिक हाम्रो पहिचान"**मूल नाराका साथ गा.पा भरिका स्वास्थ्य संस्थाहरुवाट आधारभूत र गुणस्तरिय स्वास्थ्य सेवा प्रदानको व्यवस्था गरिनेछ । स्वास्थ्य सेवालाई अझै प्रभावकारी वनाउन **"स्वास्थ्य संस्थामा स्थानिय सरकार प्रमुखको उपस्थिति तथा दुर्गम वस्तिका जनता संग सरकार "**कार्यक्रम मार्फत स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य एकाई खोप तथा गाउँघर क्लिनिक हरुलाई सुदृढिकरण गरिनेछ ।

- स्वास्थ्य संस्थामा गर्भवति जाँच नगर्ने महिलाहरुको स्वास्थ्य संस्थामा पहुँच पुर्‍याउन घरदैलो कार्यक्रम संचालन थप प्रभावकारी वनाई No More Home Deliveryअर्थात घरमा हुने सुत्केरीलाई शुन्यमा झार्न अण्डा वितरण कार्यक्रमर सुत्केरी महिला संग उपाध्यक्षको कोशेली कार्यक्रम, मोवाइल स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- जेष्ठ नागरिक, अपांगहरुको सामान्य स्वास्थ्य जाँच तथा उपचार, गर्भ जाँच, सुरक्षित प्रसुति सेवा,सुत्केरी जाँच,पोषण सम्वन्धी स्वास्थ्य शिक्षा तथा परामर्श दिन जनता केन्द्रित स्वास्थ्य सेवा कार्यक्रम कार्यान्वयन "घर घरमा स्वास्थ्य सेवा कार्यक्रमलाइ संचालन गरिनेछ।
- महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रमलाई प्रभावकारी वनाउन योगदानमा आधारित महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन कार्यक्रम लाई निरन्तरता दिइनेछ साथै आवस्यकता अनुसार थप गर्ने निति लिइनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविकाले पाउदै आएको सेवा सुविधामा बृद्धि गर्दै स्वास्थ्य क्षेत्रमा थप जिम्मेवार बनाउने नीति अख्तियार गरिने छ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्न आवश्यक प्रबन्ध मिलाइने छ ।
- संस्थागत विकास र सूचना प्रणालीलाई सुदृढिकरणका लागि प्रविधिमैत्री स्वास्थ्य संस्था वनाइनेछ ।
- **"हामी स्वस्थ हाम्रो पालिका स्वस्थ अभियान"**प्रत्येक स्वास्थ्य सेवाको पहुँच दिन भद्रपुर आधारभूत अस्पतालबाट सामुदायमा मोवाइल स्वास्थ्यको अवधारण ल्याइनेछ ।
- गर्भवती महिलालाई एम्वुलेन्स सेवामा ५० प्रतिशत छुटको व्यवस्था व्यवस्था गर्न आवश्यक प्रबन्ध गरीनेछ ।
- दिर्घरोगीहरुका लागी निशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालन गर्न आवश्यक प्रबन्ध गरीनेछ ।
- होम डेलिभरी सुन्य गर्न संस्थागत प्रसुति कार्यक्रमका लागी विशेष कार्यक्रमको संचालन गरीनेछ ।

- पूर्ण खोप सुनिश्चित गाउँपालीकालाई निरन्तरता दिईनेछ ।
- १००० दीनका आमाहरुलाई लक्षीत गरी पोषण वगैचा ,पोषण चौतारी र पोषण सहकारी कार्यक्रम अगाडी वढाइनेछ ।
- भद्रपुर आधारभुत अस्पतालबाट जनरल एक्सरे सेवा संचालनमा ल्याइनेछ ।
- अहिलेको समयमा नसर्ने रोगको महामारि बढि रहेको अवस्थामा वर्षको २ पटक ब्लड प्रेसर,सुगर र पिसावमा प्रोटिनको मात्राको निशुल्क जाँचको व्यवस्था मिलाइने छ ।
- क्षय रोग मुक्त पालिका अभियान लाई आगामि वर्षमा ब्यापक रुपले अगाडि बढाइनेछ ।
- नेवुलाइजर सेवा सामुदायीक स्वास्थ्य इकाई केन्द्रवाट पनी वीस्तार गरीनेछ ।
- मातृ तथा पेरिनेटल मृत्यू निगरानी तथा प्रतिकार्य कार्यक्रम लाइ आगामि आ.व. मा सम्पूर्ण वडाहरु बाट संचालनमा ल्याइनेछ ।
- स्तन क्यान्सर सम्बन्धि स्वःपरिक्षण कार्यक्रम लाई आगामि आ.व. मा अभियानका साथ अगाडि बढाइने छ ।
- पाठेघरको क्यान्सरको स्क्रिनिङ्ग सेवा लाई सम्पूर्ण वडाहरुमा बिस्तार गरिनेछ ।
- स्वास्थ्य सेवामा समता र पहुँच कार्यक्रम लाई थप प्रभावकरी बनाई बिस्तार गरिनेछ ।
- वडा नं. २ र ६ का दुर्गम वस्ती चोरलेक र गुवाडीमा सामुदायीक स्वास्थ्य केन्द्र लाइ थप व्यवस्थित गरीनेछ ।
- सामुदायीक स्वास्थ्य ईकाई केन्द्रहरुलाई वर्थीङ सेन्टरको रुपमा स्थापना गरीने नितीलाई निरन्तरता दिईनेछ ।
- आर्युबेदीक औषधालयको विस्तार गरी स्वास्थ्य उपचारको व्यवस्था गरीनेछ ।
- वडा नं. ६ मा स्वास्थ्यको पूर्वाधार विकास कार्य सम्पन्न गरिनेछ
- एकीकृत शिविरमा हाडजोर्नी तथा नसा रोग विशेषज्ञ समेतको सेवा संचालन गरिनेछ

- स्वास्थ्य सेवामा डिजिटल प्रबिधि लाइ जोड दिदै आगामि आ व मा कम्तिमा एउटा स्वास्थ्य संस्था बाट डिजिटल सेवाको सुरुवात गरिने छ ।
- गाउँपालिकाको सदरमुकाममा दन्त सेवालाई थप गरि सेवा विस्तार गरिने छ।
- भद्रपुर आधारभुत अस्पतालमा २४ घण्टे सेवा सुरु गर्नको लागि आधार तयार गरिने छ।
- देवल तथा चमडा स्वास्थ्य चौकिको भवन निर्माण गर्न आवश्यक पहल कदम गरिने छ।
- निस्क्रिय रहेका आमा समुहहरुलाई पुनर्जागरण गर्ने नीति ल्याइने छ।
- मातृ तथा नव शिशु तथा पोषण कार्यक्रमलाई प्राथमिकता दिइने छ।
- स्वास्थ्य संस्थाहरुमा आधुनिक समाग्रिहरु थप्ने नीति ल्याइने छ।
- पालिकाको स्वास्थ्य प्रोफाइल निर्माण गरिने छ।

**(ग) खानेपानी तथा सरसफाई :**

- सबै भन्दा वढि खानेपानिको समस्यामा रहेको वडा नं ५ र ६ को समस्या समाधान गर्न सोरनाय लिफ्ट वहुउपयोगी खानेपानि तथा सिचाइ आयोजनाको कामनगर विकास कोष तथा अन्य निकायसँग सहकार्य गरि सम्पन्न गरिने छ।
- क्रमागत योजनाहरु सम्पन्न गरिनेछन ।
- खानेपानीमा सवैको सहज पहुँच पुऱ्याउदै स्वच्छ खानेपानी पुर्याउने नीति अवलम्बन गरिनेछ।
- सम्पुर्ण खानेपानी सुबिधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ ।
- पूर्ण सरसफाई यूक्त गाउँपालिका घोषणा गर्ने कुराको आधार बनाउने नीति अवलम्बन गरिनेछ साथै पानी परिक्षणका लागी स्थापित पानी परिक्षण ल्यावलाई निरन्तरता दिनुका साथै सुदृढ गरिने छ ।
- पानी मुहानहरु रिचार्ज गर्ने नीति अवलम्बन गरिनेछ ।

- पुराना नाउला, पौवा, धारा, मगराउ संरक्षण सम्बद्र्धनको नीति लिइनेछ ।
- फोहोरलाई जैविक मलको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- संघ, प्रदेश, गाउँपालिकाको आफ्नै लगानी वा साझेदार संस्था मार्फत खानेपानी योजना निर्माण गरिनेछ ।
- पूर्ण सरसफाई गुरु योजना प्रभावकारी कार्यानवयन गरिनेछ ।
- बजार व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउँदै फोहोर व्यवस्थापन गरिनेछ ।
- खानेपानीको सहज पहुचको लागी लिफ्ट प्रविधिको विस्तार गरी कार्यान्वयनमा लगीनेछ
- नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिकामा स्थापित खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्डको मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा  विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

- नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवं गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।
- खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवद्र्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै चाङ्गजुठान निर्माण कार्यलाई निरन्तरता दिई विस्तार गरिनेछ ।
- दलित बस्तीमा सरसफाईका विविध कार्यक्रम संचालन गरिनेछन ।
- गाउँपालिकाको समग्र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको अवस्था सुनिश्चितता, विश्लेषण तथा योजना निर्माणका लागि NWASH योजना अद्यावधिक र सो क्षेत्रको आगामी ५ वर्षे रणनितिक योजना निर्माण गरिनेछ ।
- अजयमेरु गाउँपालिकाका पुराना खानेपानी योजनाहरु जनसहभागीतामा मर्मत गर्ने निती लिइनेछ ।
- योजना सम्पन्न भएका खानेपानी योजनाहरुको गुणस्तरमा सुधार गरी स्वच्छ खनेपानि वितरण प्रणली अवलम्वन गर्ने निती लिइनेछ ।
- हरेका विद्यालयहरुमा खानेपानी तथा गुणस्तरिय सौचालयको निर्माण गरीनेछ ।
- पानि परिक्षण ल्यावलाई थप व्यवस्थित र प्रभावकारि वनाइनेछ र कम्तीमा वर्षमा १ चोटी प्रत्येक पानीका मुहानको पानि अनिवार्य परिक्षण गर्ने नीति लिईनेछ ।

- खानेपानी मुहान संरक्षणका लागी वृक्षारोपण गरी अनिवार्य घेरवारको व्यवस्था मीलाउने निती अगाडी वढाइनेछ ।
- हरेक टोललाई सरसफाई युक्त टोल घोषणा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- आगामी आर्थिक बर्षमा खानेपानीका मूल परिक्षण गरिनेछ
- घनघस्या लेक मुहान संरक्षणका लागि आवस्यक कार्य गरिने छ
- भद्रपुर आधारभूत अस्पताल अन्तर्गत रहेको पानि परिक्षण ल्याबलाई थप प्रभावकारी बनाइने छ
- खानेपानी सुरक्षा योजनालाइ निरन्तरता दिइनेछ
- विगतमा संचालनमा आइ हाल बन्द रहेका लिफ्ट खानेपानी योजनालाइ संचालनमा ल्याउन आवस्यक पहल गरिने छ
- एक घर एक धारा नीति ल्याइने छ
- खानेपानी आयोजना मर्मत कोष तथा चौकीदार व्यवस्थापन गर्न विशेष रणनिति अपनाइने छ।
- खानेपानीका योजनामा प्रयोग हुने पाइप तथा फिटिङहरुको गुणस्तर कायम राख्न ति समाग्रिहरु गाउँपालिकालाई नै खरिद गरि वितरण गर्न आवश्यक नीति अपनाइने छ।
- मटेला लिफ्ट खानेपानी योजनामा परिक्षणको काम सम्पन्न भइसकेको र थप संरचना निर्माण गरि योजनालाई पूर्णरुपमा सञ्चालनमा ल्याइने छ।
- संघ र प्रदेश सरकारसँगको साझेदारीमा भद्रपुर खानेपानी, देवल राजुल खानेपानी, देवल दिव्यपुर वृहत खानेपानी योजना संचालनका लागि समन्वय गरिने छ।
- यस गाउँपालिकामा खानेपानीको चरम अभाव रहेकोले सुख्खा क्षेत्र घोषणाका लागि सम्बन्धित निकायमा अवश्यक पहल गरिनेछ ।

## (घ) खेलकुद तथा मनोरञ्जन

- दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुदका विविध कार्यक्रमहरु संचालन गरिने छ
- समग्र खेलकुदको कार्यक्रमलाई समन्वय गर्न गाँउपालिका स्तरिय खेलकुद समितिलाई थप क्रियासिल बनाईने छ ।
- खेलकुद विकासका लागि राष्ट्रिय स्तरको बहुउद्देशीय चम्बेताल खेल मैदाननिर्माण कार्यलाई निरन्तरता दिईने छ ।
- गाऊँपालिका को आफ्नै योजना वा अन्य साझेदार संस्था मार्फत गाऊँपालिका स्तरीय विद्यालय स्तरीय खेलकुद , अध्यक्ष कप प्रतियोगिता , राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता , उपराष्ट्रपति प्रतियोगिता ,मैत्रीपूर्ण शिक्षक खेलकुद प्रतियोगिता आयोजना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- खेलकुदको माध्यमबाट अजयमेरु गाऊँपालिकालाई चिनाउनका लागि राष्ट्रिय ,प्रदेश र जिल्ला स्तरीय प्रतियोगिता आयोजना गरी गाउपालिकालाई खेलकुद हवको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- खेलकुद बाट पर्यटन को विकास र विस्तार हुने भएकोले समयसापेक्ष अनुसारका खेलकुद महोत्सवहरु आयोजना गर्ने नीति लिईनेछ ।
- गाउँको कुना कन्दरामा लुकेर रहेका प्रतिभाहरुको खोजि गर्दै खेलकुदको माध्यम बाट अगाडिल्याई उनीहरुको संरक्षण र सम्वर्धन गरिने छ ।
- यस गाउँपालिका भित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडिहरुको सम्मान गर्दै ऊनीहरुको अनुभवको भरपुर उपयोग गरिने छ ।
- यस गाउँपालिमा कार्यरत प्रशिक्षकहरुलाई प्रशिक्षक प्रशिक्षण गराउनको लागि नेपाल सरकारको आधिकारीक निकायबाट प्रशिक्षणको व्यवस्था गरिने छ ।
- मार्सलआर्टका खेलहरुलाई अनिवार्य रुपमा सवै वडामा रहेका माध्यमिक विधालयहरुमा लागु गरिने तथा आधारभुत तहमा क्रमिक रुपले अगाडी बढाउने नीति लागु गरिने छ ।

- विधालयमा कार्यरत खेलकुद शिक्षक तथा गाउँपालिका र वडा मा कार्यरत प्रशिक्षकलाई नीरन्तरता दिईने छ ।
- एक वडा एक खेलमैदान नीति अबलम्बन गरिनेछ साथै अजयमेरु गाउँपालिका वडा नम्वर १ बकायलमा निर्माणाधिन क्रिकेट खेल मैदानलाई निर्माण गर्न नीरन्तरता दिईने छ ।
- गाऊँपालिका भित्र रहेका प्रतिभावान खेलाडिहरुलाई थप प्रशिक्षण गर्नको लागि नेपाल सरकारका आधिकारीक एकेडेमि क्लबहरुमा पठाईने छ ।
- कर्मचारी जनप्रतिनिधि मैत्रीपूर्ण खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- शिक्षक कर्मचारी मैत्रीपूर्ण खेलकुद प्रतियोगितालाइ निरन्तरता दिइनेछ ।
- अजयमेरु गाउँपालिकाका छिमेकी पालिकाहरु संग विभिन्न राष्ट्रिय दिवसहरुका अवसरमा मैत्रिपूर्ण खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

**(ङ) लैङ्गिक समानता र समावेशीकरण**

- बालमैत्री अपाङ्ग मैत्री नीति तथा कार्यक्रम निर्माण गरी बालमैत्री स्थानिय तह घोषणा गर्ने नीति लिईनेछ ।
- लैगिंक हिंसा र घरेलु हिंसाको अन्त्य गर्दै महिला अधिकार र बालबालिका तथा अपागंता भएका व्यक्तीको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धताको आधारमा महिला र बालबालिकाको संरक्षण, बचाउ, विकास र सहभागीतामा जोड दिने नीति लिइनेछ ।
- लक्षित वर्गका कार्यक्रम लाइ प्रभावकारी वनाउन विकास समितिलाइ क्रियाशिल तथा जवाफदेहि वनाइनेछ ।
- सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, सेवा सुविधा लगायतका सवै क्षेत्रमा लक्षीत वर्गको सम्मानजनक उपस्थिती गराउने नीति लिइनेछ ।
- महिलाको आयआर्जनमा अभिबृद्धि गर्न उद्यमसिल तथा सिपमुलक कार्यक्रम संचालन गरीने छ ।

- अपाङ्गता भएका व्यक्तिलाई सम्मान पूर्ण जीवनको प्रत्याभुति गर्न भिन्न क्षमता भएका व्यक्ति संग स्थानिय सरकार कार्यक्रम संचालन गरिनेछ ।
- बालश्रम मुक्त गाँउपालिका घोषणाका लागि सहयोगी निकायहरु संग समन्वय गरि प्रकृया थालनि गरिनेछ ।
- कार्य स्थलमा हुने यौन जन्य दुर्व्यवहार सम्बन्धी आचारसंहिता लागु गरिनेछ ।
- सक्षम महिला सम्मृद्ध अजयमेरु कार्यक्रम संचालन गर्न विषयगत शाखाका कार्यक्रमहरु विच तादातम्यता मिलाईनेछ ।
- लैङ्गिक समानता र सामाजिक समाबेशीकरण बजेट परिक्षण (GESI अडिट) गरि योजना तथा कार्यक्रम तर्जुमा गर्ने नीति लिईनेछ ।
- महिला, असक्त तथा फरक क्षमता भएका व्यक्तिहरुका लागि कार्यालयमा सहायता डेस्कको स्थापना गरिनेछ ।
- दिर्घरोगी तथा एकल महिलाहरुको स्वस्थ जीवन सुनिश्चितताको लागी स्वास्थ्य विमा कार्यक्रममा आवद्धताका लागी तथ्याङ्क संकलन गरि कार्यप्रकृया अगाडी वढाईने ।
- अपाङ्गता परिचय पत्र वितरणलाई सहज बनाउन घरदैलोमै गई वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- एकल महिला सँग उपाध्यक्ष कार्यक्रमलाइ निरन्तरता दिईनेछ ।
- दलित, विपत्र समुदाय तथा अपाङ्गहरुका लागि सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम ल्याइनेछ ।
- अपाङ्गता भएका, टुहुरा, लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्बोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण र पिडित महिलालाई संरक्षण कार्यक्रम लागू गरिनेछ ।
- बालश्रम, बालविवाह, छाउपडि प्रथा, जातीय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि कडा नीति अवलम्बन गर्दै अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम लागू गरिनेछ ।
- "ज्येष्ठनागरिकसंगजयराजकार्यक्रम"लाई निरन्तरता दिइनेछ।

- लक्षीत वर्ग र अपाङ्ग समुदायको कार्यक्रमहरुमा निरन्तरता दिइनेछ ।
- महिला समुह द्वारा संचालन गरिने साना उद्योग स्थापना गर्न प्रोत्साहान गरिनेछ ।
- गाउँपालिकाको कार्यालय लगायत सवै कार्यालयहरुमा स्तनपान कक्ष निर्माण गर्न पहल गरिनेछ ।

- गाउँपालिका द्धारा संचालन गरिने योजनामा कम्तीमा एक वडामा एक उपभोक्ता समिति अनिवार्यरुपमा शतप्रतिसत महिला सहभागिताको सुनिश्चितता गरिनेछ र अन्य उपभोक्ता समितीहरुमा पदाधिकारी सहित ४० प्रतिशत महिलाको सहभागीता अनिवार्य गराईने नीतिलाई निरन्तरता छ ।
- महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- विदुरको सम्मान स्वरुप विदुर भत्ताको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- निर्णयमा महिला, मर्यादीत महिनावारी व्यवस्थित वनाउने।
- दलित तथा मुक्त हलियाहरुको उद्यमशिलता विकास, आयआर्जनमा बढोत्तरी र प्राविधिक शिक्षा अध्ययनका लागि राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालसंग सहकार्य गरिनेछ ।
- गाउँपालिका भित्र रहेका खरका छाना लाई विस्थापित गरि सुरक्षित नागरिक आवास कार्यक्रम अगाडी बढाईनेछ ।
- दलित तथा मुक्त हलिया छात्र छात्राहरुलाई शिक्षामा पहुँच अभिवृद्धि गर्नका लागि उच्च शिक्षा दलित छात्रवृत्ति निरन्तरता प्रदान गरिने छ ।
- विद्यालय छोडेका बालबालिकाहरुलाई ब्रिज कोर्ष मार्फत पुनः विद्यालय जाने वातावरण सिर्जना गराइने छ।

- संघियताको यर्थात कायन्वयनका लागि संघियताको मर्म अनुरुप लक्षित वर्गहरुलाई प्रोत्साहन स्वरुप स्वरोजगार मुलक तथा सिप मुलक कार्यक्रमहरु संचालनमा ल्याइनेछन ।
- ज्येष्ठ नागरिकहरुको सीप, ज्ञान एवं अनुभवलाई गाउँपालिकाको विकासको आधारका रुपमा लिदै प्रत्येक वडामा ज्येष्ठ नागरिक आरोग्य चौतारी, मिलन तथा भेटघाट केन्द्रको निर्माणका लागि पहल गरिनेछ ।
- ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता वितरणलाई घरदैलोसम्म पुग्ने व्यवस्था लाई निरन्तरता दिईनेछ ।
- धार्मिक यात्रा तथा तिर्थाटन एव स्वास्थोपाचारमा उचित प्रोत्साहन गरिनेछ ।
- ज्येष्ठ नागरिकका ऐतिहासिक अनुभव तथा सीपको आदानप्रदान गर्न पुस्तान्तरण तथा भलाकुसारीका लागि वडास्तरमा अन्तक्रियात्मक कार्यक्रम संचालन गरिनेछ ।
- सबै जनजातिको कला, भाषा, धर्म, संस्कृति एवं समुदायको रीतिथिति, रहनसहन तथा धार्मिक आस्थाको संरक्षण सम्बद्र्धन एवं जगेर्ना गर्न गाउँपालिकाले आवश्यक निति लिइनेछ ।
- संविधान एवं कानूनले सिर्जना गरेको आधारभूत मौलिक हकको सम्मान गर्दै सबै समुदायको समन्यायिक विकासमा जोड दिईनेछ ।
- दलित  समुदायको व्यवसाय, व्यापार सम्बन्धी करमा विशेष छुटको व्यवस्था गरिनेछ ।
- आर्थिक, सामाजिक रुपले विपन्न महिलाहरुको उतथान, सशक्तिकरण एव. मूलप्रवाहीकरणका लागि क्षमतामूलक कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुको स्वास्थ्य प्रति संवेदनशिल रहँदै आवश्यक नियमित स्वास्थ्योपचारको व्यवस्था गरिनेछ ।
- महिलामाथि हुने सबै प्रकारका विभेद अन्त्य गर्दै समाजिक काममा महिलाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।
- आजका बालबालिका भोलिका कर्णधारको रुपमा लिँदै गाउँपालिकाका सम्पूर्ण बालबालिकालाई विद्यालयको पहुँच सुनिश्चितता गरिनेछ ।

- बालमैत्री सेवा प्रवाह सुनिश्चित गर्दै गाउँपालिकाका हरेक विद्यालयमा बालक्लब गठन गरि क्रियाकलाप नियमित गर्न प्रोत्साहन गरिनेछ ।
- सबै बालबालिकालाई आधारभूत एवं नियमित स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ ।
- गाउँपालिकाको विकास प्रक्रिया एवं जिज्ञासा सुन्न र बुझ्न आवधिक रुपमा अध्यक्ष तथा उपाध्यक्षसँग बालबालिका कार्यक्रम संचालन गरिनेछ ।
- बाल विकास केन्द्रको सबलीकरणमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका अनाथ बालबालिकाहरुको गाँस, बास र कपास सहित अन्य आधारभूत आवश्यकताहरुको प्रत्याभूती गराउन अनाथ बालबालिका विशेष कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाको कार्यालय तथा मातहतका सबै शाखा, वडा कार्यालय एवं स्वास्थ्य संस्थाहरुमा अपाङ्गतामैत्री सेवाप्रवाहको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिकाका सबै भौतिक संरचना वालमैत्री र अपाङ्गमैत्री बनाइनेछ ।
- अपाङ्गता परिचयपत्र वितरणलाई नियमित र प्रभावकारी बनाईनेछ ।
- राज्यले तोकिएमा बाहेक गाउँपालिकाबाट प्रदान गरिने अन्य सबै सेवाहरु (क) र (ख) बर्गका अपाङ्गता परिचयपत्र प्राप्त व्यक्तीलाई निशुल्क रुपमा प्रदान गरिनेछ ।
- अपाङ्गता लक्षित कार्यक्रमहरुलाई नियमित गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता लाई सहज बनाउन बायोमेट्रिक सेवा सुचारु गरि प्रभावकारी तवरले बितरण गर्ने ब्यवस्था मिलाईनेछ ।
- महिला हिंसा न्युनिकरण र लैङ्गीक बिभेदको अन्त्य गरिनेछ ।
- दलित तथा जनजाती समुदायको चौतर्फि विकासको लागि तिनीहरुको परम्परागत पेशा, सीप,कला, दक्षतालाई सुदृढिकरण गर्दै आधुनिकीकरण गर्ने नीति लिईने छ । मुक्त हलिया, भूमिहीन, विपन्न वर्ग, किसानलाई नेपाल सरकारले गरेको प्रमाणीकरण र वर्गिकरणको आधारमा व्यवस्थित गरि रोजगार तथा अन्य आयआर्जनका कार्यक्रममा आबद्ध गरिने छ ।

- छुवाछुत, छाउपडी, लैंगिक, हिंसा जस्ता कुरीति र कानूनले बर्जित गरेका कुप्रथाको अन्त्य गर्न सरोकारवालाहरुलाई प्रोत्साहित गरि वडास्तरका जनप्रतिनिधि सहित गाउँ वस्तीमा सामाजिक रुपान्तरण अभियान चलाइनेछ । साथै कानून कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।
- सबै निजि तथा सार्वजनिक संस्थामा बालबालिका, किसोर किसोरी तथा महिला संरक्षण आचारसंहिता निर्माण गरिनेछ
- महिला सशक्तीकरणका लागि द्वारिका देवी ठकुरानी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- महिला, दलित तथा पिछडीएका समुदायको न्यायमा पहुचका लागि स्थानीय न्यायिक संरचनामा सुधार तथा सशक्तीकरणको नीति अवलम्बन गरिनेछ
- महिला, दलित तथा बिपन्न बर्गको आर्थिक क्रियाकलाप तथा उत्पादनका साधनमा पहुच तथा स्वामित्व र आत्मनिर्भर बनाइनेछ
- महिला, दलित तथा सम्पूर्ण लक्षित वर्गहरुको सशक्तिकरण तथा क्षमता विकास नीति कार्यान्वयन गरिने छ
- भिन्न क्षमता भएका व्यक्तिहरुलाइ आवस्यक सहयोगी सामग्री प्रदान गर्ने साथै आयमुलक सिप प्रदान गरिनेछ
- असहाय, बालबालिका तथा एकल महिलालाइ संरक्षण तथा आय मुलक कार्यक्रम संचालन गरिनेछ
- बालिका संग पालिका कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक हिँसा निवारण कोषलाईथप सुदृढ गरिनेछ।
- वडा नम्बर ५ र ६ मा सम्भावित ठाउँमा वाल उद्दान निर्माणको लागि आवश्यक प्रकृयाको थालनी गरिनेछ ।
-

## ३. भौतिक पूर्वाधार विकास

### (क) स्थानीय सडक र पुलः

- खोलिएका ट्र्याकहरुको ग्रेड सुधारी स्तरोन्नती, मोड सुधार र चौडा विस्तार गर्दै यस आ.व.मा जिल्ला सदरमुकाम वाट गाउपालिका केन्द्र जोडिने सडकको कालोपत्रेको कार्य अगाडि वढाइनेछ । साथै समग्र आर्थिक सामाजिक कृयाकलापहरु विस्तार गर्न गुणस्तरीय सडक निर्माणका लागि एक गाउँ एक सडक मार्फत सवै वडा सदरमुकाम र गाउँपालिका सदरमुकाम जोड्ने १२ महिना चल्ने सडक निर्माण गर्ने नीति लिइनेछ ।
- हरित सडक, पर्यटन सडक, वातावरणमैत्री सडक निर्माण गर्ने नीति लिइनेछ ।
- अधुरा सडकहरुलाई गन्तव्यमा पुऱ्याइनेछ ।
- साझेदार निकायहरुको खोजी गरि पूर्वाधारको क्षेत्रमा लगानी भित्र्याइनेछ ।
- बसानागाड,हुरागाड,दोगाड,सुर्नयागाडमा पुल निर्माण प्रकृया अगाडी बढाउन पहल गरिनेछ साथै नानिगाडमा निर्माणाधिन पुल निर्माण समयमै समपन्न गर्न समन्वय गरिनेछ ।
- थप एउटा वडालाई पक्की सडक सञ्जालमा जोडीनेछ ।
- मुख्य सडकको स्तरोन्नति गर्ने काम संघ र प्रदेशसंगको सहकार्यमा समपुरक कोष मार्फत अघि वढाइनेछ
- ट्र्याक खोलीएका कम्तीमा एक वडाका १ सडक लाई परिक्षणको रुपमा हरित सडक निर्माण गर्न सडकको दायाँवाँया वृक्षारोपण गरी ५ वर्ष भीत्र संरक्षण सहीत हरित सडक निर्माण गरिनेछन् ।
- विस्तार भएका सडकमा अनिवार्य रुपमा सडक नालीको व्यवस्था गर्ने निती लिइनेछ ।
- कालोपत्रे भएका सडकलाई अम्रीसो सडकको रुपमा पहिचान गराउने उद्देश्यले स्थानीय पायक पर्ने जनताको समुह निर्माण गरि संरक्षणको जिम्मा

स्थानीयलाई लगाई स्थानीय समुहको आम्दानीको श्रोतको रुपमा परिचालन गरि अजयमेरु अम्रीसो, ओल्सो र उतीस  सडकको रुपमा पहिचान गराउने निती लिइनेछ ।

- नयाँ भौतिक संरचना निर्माण गर्दा प्राचिन कला संस्कृतिलाई समावेश गरिनेछ ।
- भौतिक पूर्वाधार शाखालाई आधुनिक प्रविधि युक्त बनाइनेछ ।
- यसै आ.व. भित्र सडक गुरु योजनालाई पूर्णरुपमा कार्यन्वयन गरिने छ।।
- उपभोक्ता समितिद्धारा संचालन हुने लागत सहभागिता ( श्रमदान ) लाई व्यवहारिक र अनिवार्य वनाईनेछ ।
- उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको कार्यान्वयनलाई अपनत्व वोध गरिनेछ । योजनाको अनुगमनलाई कडाई गरिनेछ । विगत र चालु आ.व. मा संचालित र सम्पन्न योजनाको वर्तमान अवस्था आकलन गरी उपभोक्ता समितिलाई उक्त योजनाको संरक्षण र संवद्र्धनमा जिम्मेवार बनाईनेछ । सम्पन्न योजनामा पटक पटक बजेट माग गर्ने प्रवृत्ति निरुत्साहित गरिनेछ ।
- सडक संजाल विस्तार तथा व्यवस्थापनका लागि एक जिल्ला वाट अर्को जिल्लाको सिमा, एक स्थानिय तहवाट अर्को स्थानिय तहको सिमा र एक वडा वाट अर्को वडाको सिमा सम्म जोड्ने सडकमा प्राथकिकताका साथ **“सडकयातायातमाजनताकोपहुँच”**भन्नेनारालाई कार्यान्वयन गराइने छ ।
- गाउँपालिकाको समग्र विकासलाई सन्तुलित, दिगो , तथा समावेशी बनाइनेछ ।
- डुगरी सेरागाड, देवल डागेश्वरी, राजुल भण्डारीगाँउ, गंगेश्वर मन्दीर सडकलाई पालिका रणनितिक योजनाको रुपमा विकास गरिनेछ ।
- वर्षातको समयमा भलले सडकमा हूने ठुलो क्षति बाट सडकहरु लाई जोगाउनका लागि पटकेरुपमा सडक मर्मत संभार कार्यकर्ता परिचालन गर्ने व्यवस्था मिलाइनेछ

- पालिका भित्र निर्माण गरिएका सबै प्रकारका पूलहरुको नियमित मर्मत संभार गरि ठुलो लगानिको संरचना नष्ट हून सक्ने कार्य रोकथामका लागि एक पूल एक संरक्षक कार्यक्रम निरन्तरता दिइने छ।
- खूल्ला मूहान बाट आएको दूसित पानि सिधै पिउनाले पानिजन्य रोग लाग्ने समस्या लाई समाधानका लागि सार्वजनिक संस्थाहरुमा पानि शूदिृकरण गर्ने मिनि प्लान्टहरु जडान गर्ने निति लागू गरिने छ
- ढीमौला भद्रपुर सडकको कालोपत्रे कार्य सुरु गरिने छ
- काँकडी घाँट मोटरेवल पुल निर्माणका लागि प्रदेश सरकारसँग समन्वय गरिने छ।

## (ख) सिंचाई

- सोर्नाया डागेश्वरी कानाकोट बहुउद्देश्यीय लिफ्ट परियोजनालाई नगर विकास कोष तथा अन्य निकायसँग सहकार्य गरि सम्पन्न गरिने छ।
- आधुनिक(लिफ्ट) प्रविधि मार्फत वडा नं. २ र ६ को घुडालेक लगायतका क्षेत्रमा संघ र प्रदेश सरकार तथा साझेदार संस्थासँग पहल गरिनेछ ।
- साना तथा मझौला सिंचाईहरुको विस्तार र सुदृढ गर्ने नीति अवलम्बन गरिनेछ ।
- अवरुद्ध भएका साना तथा मझौला सिंचाईलाई सुचारु गराउँदै केही नया सिंचाई योजनाको शुरुवात गरिनेछ ।
- ठुला र मझौला सिचाइ निर्माण गर्न संघ र प्रदेशसंग पहल गरीनेछ ।
- खाद्य वस्तुको आपुत्ति गर्नका लागि जमिनको उत्पादकत्व र लाभान्वित जनसंख्याको आधारमा सिचाई आयोजनाहरु नियमित संचालन गरिनेछन् ।
- कृषि योग्य सिचित जमिनमा सिचाईको प्रवन्धका लागि आवस्यक सिचाई योजनाहरु संचालन गरिनेछन ।
- युवाहरुलाई कृषि क्षेत्रमा जागरुक गर्न यस आ.व मा साना सिचाई कार्यक्रमलाई वृद्धि गरिनेछ ।

- गाउँपालिका भित्र सिंचित कृषी योग्य जमीनको अध्ययन गरी एक वडा १ सिंचाई निती मार्फत सिंचित क्षेत्रमा कृषकलाई आकर्षण बढाई बाझो जग्गाको भरपुर उपयोगगरीनेछ ।
- नदी,खोला नजीकका कृषी योग्य जमीनका लागी वीद्युतीय उपकरण प्रयोग हुने गरि कम लागतमा स्थानीय जनताको साझेदारीमा मोटर सिचाईको व्यवस्था गर्ने निती लिइनेछ ।
- परम्परागत सिंचाई कुलोको संरक्षणमा जोड दीई पानी घट्ट सहित सिंचाइ गरीने कृषी योग्य जमीनको छनौट गरि बहुउपयोगी सिंचाई प्रयोगको निती लिईनेछ ।
- एक वडा एक ड्याम निर्माण गरि वर्षायमको पानी संकलन गरी सुख्खा ठाँउमा धान रोप्न सक्ने प्रविधीको विकास गरीनेछ ।
- भराड सिंचाई, घुँडालेक लिफ्ट सिंचाइ, भण्डारिगाउँ लिफ्ट सिंचाइ योजनाहरुको निर्माण कार्यको निरन्तरताका लागि प्रदेश सरकारसँग समन्वय गरिने छ।
- पिलायल, कुन्का लागायताका अन्य सम्भावित गाउँहरु पहिचान गरि लिफ्ट सिंचाइको सम्भाव्यता अध्ययनका लागि तयारी गरिने छ।

**(ग) भवन तथा सहरी विकास**

- भौतिक निर्माणका कामहरुमा स्थानीय उत्पादनलाई विशेष प्राथमिकता दिइने छ।
- संघ सरकार संगको सहकार्यमा एकिकृत वस्ति निर्माण कार्य निरन्तरता दिइनेछ ।
- भवन निर्माण आचार संहिता –२०७२ अनुरुप गाउँपालिका स्तरीय आचार संहितालाई व्यवहारीक कार्यान्वयनमा ल्याइनेछ ।
- पूर्वाधार शाखामा कार्यरत कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ।

- आधारभुत अस्पताल भद्रपुरको भवन निर्माण, र प्रशासनिक भवनको निर्माण कार्य यसै आ.व. मा सम्पन्न गरिनेछ ।
- विद्यालयका पूर्वाधार सुधार गरिनेछ ।
- यस गाउँपालिका भित्र निर्माण हुने नयाँ भवनहरु घर नक्सा पास गरेर मात्र बनाउन जनसमुदायलाई उत्प्रेरीत गराइनेछ ।
- बालकल्याण मा.वि. पुइलेकको नमुना विद्यालय कार्यक्रमलाई निरन्तरता दिइने छ।
- कालामाटी शैलेनी ट्रस पुललाई कार्यसम्पन्न गरिने छ।
- भु-कम्प प्रतिरोधात्मक भौतिक संरचना निर्माण गर्न निर्माण कार्यमा संलग्न कामदारहरुको सिपअभिबृद्धि गर्न तालिमको व्यवस्था गरिने छ।
- अपाङ्ग मैत्री, बाल मैत्री भौतिक संरचना निर्माण गर्ने नीति ल्याइने छ
- पालिका स्थित सबै प्रहरी चौकीमा थुनुवा घर निर्माण गर्न गृह मन्त्रालय/आन्तरिक मामिला तथा कानुन मन्त्रालय/जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरिने छ।

**(घ) उर्जा तथा लघु जलविद्युत**

- विद्युतीकरण शत प्रतिशत पु¥याउनका लागि सम्बन्धित निकायसँग समन्वय गरि आवश्यक पहलकदमी लिइनेछ ।
- घरभित्रको धुँवामुक्त अभियानलाई प्रभावकारी बनाइनेछ ।
- वैकल्पीक उर्जा प्रर्वद्धनका कार्यक्रम स्रंचालन गरीने छ ।
- सार्वजनिक स्थानमा सौर्य वत्ति जडान गर्न पहल गरिनेछ ।
- थोरै हावा चल्दा पनी विद्युत लाईन जाने चरम समस्या सामाधानका लागि नेपाल विद्युत प्राधीकरणसँग समन्वय गरी विद्युत समस्या रहित गाउँपालिका घोषणा गर्ने निती अवलम्वन गरीनेछ ।

- पानी घट्ट वाट टाढा रहेका यस गाउँपलिकाका दुर्गमका वस्तीमा विद्युतीय मिल संचालनका लागी थ्री फेज लाईनको विस्तार सहीत ट्रान्सफर्मरको व्यवस्था गरी सहजीकरण गर्ने निती अवलम्वन गरीनेछ ।
- अव्यवस्थीत तरीका वाट विद्युत प्रशसरण गरीएका लाईन लाई पुनः लाइन सर्वे गराई स्थानीय जनताको जोखीम न्युनीकरणमा विशेष ध्यान दीइनेछ ।
- पालिकालाइ धुँवारहित क्षेत्र घोषणा तथा नविकरणीय उर्जामा महिलाको पहुँच वृद्धि गर्नका लागि घरभित्रको धुँवामुक्त अभियानलाई सफल बनाउन आधुनिक सुधारिएको चुलो (तह तिन) को प्रवर्धन गर्ने नीति ल्याइने छ
- वडा नं. ६ को गुवाडि र पिपल चोरामा थ्री फेज लाइन सहित ट्रान्सफर्मर जडानका लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरिने छ।

**(ङ) सञ्चार**

- नेपाल टेलिकमसँग समन्वय र सहकार्य गरि संचार सुविधाबाट वञ्चित भूभागमा पुऱ्याउने वातावरण बनाउनका लागि टावर विस्तार तथा क्षमता अभिबृद्धि गर्दै ADSL तथा ल्याण्डलाइन टेलिफोन सेवा विस्तारका लागि आवश्यक पहल लिइनेछ
- वडा कार्यालय शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा जडान कार्यलाई निरन्तरता दिईनेछ ।
- साइवर सुरक्षा सम्बन्धि अनुसन्धान, प्रतिकार्य तथा जनचेतना अभिबृद्धि कार्य प्रभावकारी बनाउन संस्थागत व्यवस्था गरिने छ।
- डिजिटल साक्षरता विस्तार गरि महिला अल्पसंख्यक एवंम पिछडिएको वर्ग क्षेत्र र समुदायको सूचना प्रविधिमा पहुँच विस्तार गरिने छ।
- गाउँपालिकासँग सम्बन्धित महत्वपूर्ण डाटाको सुरक्षाका लागि आवश्यक नीति निर्माण गरिने छ।
- गाउँपालिकाको वेभसाइट, फेसवुक पेज, मोवाइल एप्लीकेशनलाई थप प्रभावकारी वनाइनेछ ।
- पेपरलेस गाउँपालिकाको आधार तयार गरिनेछ ।

- विज्ञान प्रविधिमा पहुच अन्तरगत यस गाउपालिका अन्तरगत रहेका सम्पूर्ण वडा तथा  सरकारी कार्यालय, सामुदायिक विद्यालयहरुमा संचार तथा इन्टरनेट सेवालाई निरन्तरता गरिनेछ ।
- **"सवैकालागिसुचनारसञ्चारकार्यक्रम"**अन्तर्गततिब्रगतिकोइन्टरनेटसेवालगायतगाउँ पालिकाबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो र पारदर्शिता ढङ्गले प्रदान गर्न **"सूचनाप्रविधिमैत्री गाउँपालिका"**वनाउनेनीतिमाजोडदिईनेछ, क्षमता, योग्यता, आवश्यकता र समावेशीताको आधारमा कर्मचारीहरुको व्यवस्थापन गर्न स्पष्ट नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ ।
- फ्री वाइफाई जोनको परिक्षणलाइ निरन्तरता दिइनेछ
- गाउँपालिकामा कार्यरत कर्मचारी र वडामा कार्यरत कर्मचारीहरुलाई ICT सम्बन्धी तालिम सञ्चालन गरिने छ।

**(४). वन ,वातावरण तथा विपद व्यवस्थापन**

- गाउँपालिका भित्रका परम्परागत रुपले ब्यबस्थापन हुदै आएका सामुदायिक वनलाई बिभिन्न काष्ठ जन्य, कृषि जन्य, गैरकाष्ठ (घाँस, अल्लो, अम्रिसो, बाबीयो, लोक्ता, बाँस,निगालो, सालका पात, मालु, तिमिला, चिउरोको पात) कच्चा पदार्थ उत्पादन गर्ने क्लस्टरको रुपमा विकास गर्ने नितिलाई निरन्तरता दिइनेछ ।
- बनविनास र क्षयीकरण रोक्दै जनसहभगीता सहित बनको संरक्षण व्यवस्थापन र बृक्षारोपण गरि बन क्षेत्र बिस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।
- प्रकोप व्यवस्थापन कोषलाइ थप सुदृढ वनाइनेछ ।
- खोटो संकलनलाई व्यवस्थित गरिसो वाफत तिर्नुपर्ने रोयल्टि रकम संकलनलाई प्रभावकारी वनाईनेछ ।

- **“अजयमेरुबासीकोसान,एक वडा एकउद्यान”कार्यक्रम**मार्फतसवैनाङ्गाडाँडामाक्रमिकरुपमाबृक्षारोपणगरिनेछसाथैप्रत्येकघरमा न्युनतम एउटाफलफुलविरुवा रोप्न प्रोत्साहित गरिनेछ ।
- निजी बन संरक्षण तथा निजी नर्सरी उत्पादक कृषकलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका भित्रका बजारहरुमा फोहोर मैला व्यवस्थापन गर्न डस्टविन वितरण गरि फोहोर मैला व्यवस्थापन कार्यक्रमलाइ प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।
- "एक गृह, दुई वृक्ष" को नीति अनिवार्य गरिनेछ ।
- गाउँपालिकामा पाईने जडिबुटिको अभिलेखन तथा संरक्षण गरि सम्भाव्य जडीबुटीको ब्यवशायिक उत्पादनका लागी सम्भव्यता अध्ययन गरिनेछ ।
- वन्यजन्तुबाट कृषिबालिमा हुने क्षतीलाइ न्यूनिकरण गर्न कृषि विमा तथा अन्य उपाय अवलम्वन गरीनेछ ।
- निजि प्रयोगका लागि पालिका भित्र प्रयोग गर्ने गरि निजि जमिनमा रहेका बनपैदावारको ओसारपसारलाई नियमन गरिनेछ ।
- सामुदायिक वनले आफ्नो बार्षिक आम्दानीको १० प्रतिसत पालिकालाई बुझाउनु पर्ने कानुनि व्यवस्थालाई अनिवार्य कार्यान्वयन गर्ने निति लिईनेछ ।
- वन जन्य उद्योग स्थापना तथा सामुदायीक वन तथा कबुलियती वनमा जडिवुटि खेती गर्न र ढलापडा काठ प्रभावकारी रुपमा ब्यवस्थीत गर्न प्रोत्साहान गरिनेछ ।
- प्रत्येक विद्यालयको हाताभित्र "एक कक्षा दश बिरुवा, एक शिक्षक एक विरुवा" कार्यक्रम मार्फत वृक्षारोपण कार्यक्रम गरीनेछ ।
- गाँउपालिका भित्र स्थापित फोहोर मैला व्यवस्थापन केन्द्रलाई व्यवस्थीत र प्रभावकारी बनाउने नीति लिइनेछ ।
- नागरिकहरुमा कुहिने र नकुहिने फोहोर मैलाको बर्गीकरण गरि फोहोरलाई उपयुक्त स्थानमा व्यवस्थापन गर्नेब्यबस्था गरिनेछ ।

- बर्षाको समयमा हुन सक्ने बाढी पहिरो रोकथाम गर्नको लागि सचेतना कार्यक्रम तथा तत्काल उद्धारको लागि प्रयोग हुने सामाग्री र जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- आकस्मिक रुपमा आइपर्न सक्ने विपदको व्यवस्थापन गर्नको लागि समुदाय, सरोकारवाला संघ संस्थाहरु सँग समन्वय गरी विपद पूर्वको तयारी, विपद पश्चातको उद्धार कार्यक्रमहरु बनाई लागु गर्ने नीति लिइनेछ र विपद प्रतिकार्य योजना निर्माण गरिनेछ ।
- प्रत्येक जनप्रतिनिधिले सार्वजनिक स्थलमा कम्तीमा २ विरुवा रोपण कार्यक्रम तथा नया सन्तान जन्माउने दम्पतिले एक जोडि विरुवा लगाउनै पर्ने निति ल्याइनेछ ।
- कवुलीयति, निजि वन तथा धार्मिक वन विकास कार्यक्रमम संचालन गरिनेछ ।
- पानि मुहान संरक्षणका लागि उपयुक्त स्थानहरुमा रिचार्ज पोखरी निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- घर भत्केका,आगलागी पिडीतलाई राहत वितरण गर्ने निति ल्याईनेछ ।
- विपदबाट जोगिन विभिन्न चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- बढ्दो वन विनासको नियन्त्रण र भुसंरक्षणमा जोड दिइने छ । वन संरक्षणमा सवैको सहभागिता जुटाइनेछ ।
- **"हराभराबनअजयामेरुकोधन"**अवधारणाविकासगरिनेछ।
- जडिवुटिको संरक्षण, अध्ययन, अनुसन्धान, प्रविधिको विस्तार, हर्वल गार्डेन प्रोत्साहन नयाँ उद्योग स्थापना, व्यवसायीकरण एवं वजारिकरण गर्दै जडीवुटीको माध्यमबाट आय आर्जनमा वृद्धि गरिने नीति अवलम्बन गरिनेछ ।
- पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा ईष्टिमेट गर्ने व्यवस्था मिलाउने ।

- अनारखोली देखी डागेश्वरी सम्मको वन क्षेत्रलाई संरक्षण गर्न आवस्यक पहल गरिनेछ ।
- जलवायु अनुकूलन कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।
- वातावरण एवं जौविक विविधताको संरक्षण, पहिरो नियन्त्रण र भू—क्षय नियन्त्रणका लागि आवश्यक अध्ययनका आधारमा कार्यक्रम संचालन गरिनेछ ।
- यस गाउँपालिका अन्तरगत रहेका रेडक्रस तथा अन्य संघसंस्था, समूह, र युबाक्लवहरुलाई क्षमता अभिवृद्धि गर्न विषेश किसिमका कार्यक्रमहरु ल्याइनेछ ।
- अजयमेरु गाउँपालिकाका विभिन्न नदि, खहरे खोला क्षेत्रमा रहेका खेति योग्य जमिनका साथै वस्ती, धार्मिक क्षेत्र , पर्यटकिय क्षेत्रहरु वर्षेनि वर्षायाममा उच्च जोखिममा रहने कुरालाई मध्यनजर गरि जल उत्पन्न प्रकोप नियन्त्रण का लागि प्रदेश सरकार , संघिय सरकार र गैर सरकारी संस्थाहरु को सहकार्यमा नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप नियन्त्रण का कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिका भित्र सम्भावित जोखिमको प्रथमिकिकरण गरी सो को न्यूनिकरणका लागी विपद प्रतिकार्य योजना तयार गरि लागु गरिनेछ ।
- बनजंगल डढेलो लगाउने व्यक्तिको बारेमा प्रमाण सहित यथार्थ सुचना दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था मिलाइने छ
- बनजंगलको संरक्षणका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ
- गाउँपालिका भित्रका डढेलो लाग्न सक्ने सल्ला लगायतका बनक्षेत्रमा डढेलो नियन्त्रण गर्ने कार्यलाई साझेदारीमा प्रभावकारी ढंगले अघि बढाइने छ साथै समुदाय मार्फत अग्नीरेखा निर्माण गर्न लगाउने निति अवलम्वन गरिनेछ ।
- मानव तथा वन्यजन्तुका बिच द्वन्द न्यूनीकरण गर्ने नीति अबलम्बन गरिनेछ ।
- परम्परागत चुलो स्थापित गर्न विद्युतिय चुलो प्रयोगकर्ताहरुलाई प्रोत्साहन गर्ने निति लिईनेछ ।

- तारजाली स्थानिय रुपमै उत्पादन गर्न सक्ने गरि सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- सिमार क्षेत्रको संरक्षण तथा त्यस क्षेत्रको ओरिपरि बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानिय बस्तिहरुमा विकराल रुपमा फैलिरहेको बनमारा (झाडी) नियन्त्रण गर्न विशेष कार्यक्रम ल्याईनेछ ।

## (५) संस्थागत विकास,सेवा प्रवाह र सुशासन

- व्यक्तिगत घटना दर्ता अनलाइन  कार्यक्रमलाइ थप प्रभावकारी वनाइनेछ ।
- सामाजिक सुरक्षा दर्ता अनलाइन मार्फत गरिनेछ ।
- जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी, शिक्षक,उपभोक्ता समिती,टोल विकास संस्था तथा कृषक समुहको क्षमता अभिबृद्धिका थप कार्यक्रम लागू गरिनेछ ।
- गाउँपालिका र सवै वार्डहरुमा डिजिटल तथा क्षतिपूर्ती सहितको नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ ।
- QR कोड सहितको गुनासो सुनुवाई संयन्त्रको बिकास गरिनेछ ।
- सम्पुर्ण कर्मचारीको मनोवलमा उच्च राख्न पुरस्कार र दण्डमा आधारीत प्रोत्साहान प्रणाली लागु गरिने छ
- स्थानिय कर प्रणालिलाइ कम्प्युटराइज्ड गरिने छ ।
- पारदर्शिता, जवाफदेहिता र सुशासनको लागि सूचनाको हक, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण, प्रत्यक्ष भेटघाट, सूचना अधिकारी, गुनासो अधिकारी, गुनासो तथा सुझाव पेटिका जस्ता विधिहरु अवलम्बन गरिनेछ ।
- करको दर भन्दा दायरालाई बढाउन जोड दिइनेछ ।
- “दैलोमासरकार”कोनाराअन्तरगतमहिनाकोएकचोटीफरकफरकठाउँमाघुम्तीशिविरआयोजनागरिनेछ।

- गाउँ कार्यपालिका कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदअनुकुलको व्यवहार गर्दै लगिने छ ।
- कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई आवश्यक मापदण्ड तयार गरी उत्कृष्ट कर्मचारी घोषणा गरिनेछ ।
- टोल विकास संस्थाको पूनर्गठन गरी क्षमता अभिवृद्धि गरिने छ ।
- अनावश्यक खर्च कटौती अन्तर्गत गाउँपालिका भित्रका सम्पूर्ण कार्यक्रममा पिपलको पातका ब्याच, स्थानिय धाराको पानी, फूलको माला मात्र प्रयोग गर्ने नीतिलिई खादा, प्लाटिक बोतलको पानीलाई निरुत्साहित बनाउने निति अनिवार्य गरिनेछ ।
- खादा लगाउने कार्यलाई निरुत्साहित गर्ने निति अवलम्बन गरिनेछ ।
- राजस्व सुधार योजना कार्यान्वयनमा ल्याईनेछ ।
- राष्ट्रसेवक सम्पुर्ण कर्मचारी तथा शिक्षकहरुको मनोबल उच्च बनाउनका लागि प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
- कार्यालय द्धारा संचालन गरिने सम्पुर्ण सेवाहरुलाई प्रभावकारी बनाउनका लागि कार्य विवरण तथा कार्य विस्तृतिकरण प्रणालीको अवलम्बन गरि उचित जिम्मेवारी प्रदान गरिनेछ ।
- **"हाम्रो प्रतिवद्धता नागरिकले पाउने मुस्कान सहितको सेवा "** लाई ध्यान दिई गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाह गर्दा अनिवार्य रुपमा जनप्रतिनिधि तथा कर्मचारीहरु सबैले मुस्कान सहितको सेवा प्रवाह गर्नुपर्ने नीतिलाई अनिवार्य गरिनेछ ।
- आन्तरिक प्रशासनलाई चुस्त, दुरुस्त र नागरिकहरुको सेवा प्रवाहमा कर्मचारीहरुलाई आफ्नो काम प्रति जिम्मेवार बनाइने छ र कानुनले तोकेको आचरण पालन नगर्ने र आफूलाई तोकेको जिम्मेवारी प्रति वेखवर हुने कर्मचारीलाई कार्य सम्पादन मुल्यांकनका आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

- यस गाउँपालिकामा कार्यरत गै.स.स. हरुको नियमन अनुगमन गरी कार्यक्षमताको आधारमा प्रोत्साहन गरिने छ ।
- आन्तरिक अनुशासन र क्षमता अनुसार जिम्मेवारी दिइनेछ ।
- यस गाउँपालिकामा स्थायी, अस्थायी र करार का कर्मचारीको कामको आधारमा मुल्याङ्कन गरि सेवा निरन्तरता दिईने छ
- आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउनसक्ने कमीलाई ध्यान दिँदै उपयुक्त आकारको बजेट तर्जुमा गरिनेछ ।
- सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवम्वन गरिनेछ ।
- यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्नको लागी ( कर्मचारी कल्याण कोष) लाई सुदृढ वनाइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र शान्ती सुरक्षाको स्थितिलाई गम्भीर रुपमा लिँदै नागरिक सुरक्षा र शान्ती कायम गर्न आवश्यक निति लिइनेछ ।
- जनताको घरदैलोमा सेवा पुर्याउन समय समयमा अन्य निकायसँग समन्वय गरी एकिकृत घुम्ती शिविर सञ्चालन गरिनेछ ।
- नागरिकको सूचनाको हकलाई सम्मान गर्न साथै छिटो सेवा प्रवाह सुनिश्चित गर्न अभिलेख व्यवस्थापनलाई विशेष जोड दिईनेछ ।
- सहभागितमूलक योजना अवलम्बन गर्दै यस गाउँपालिकाको विकासमा विकासका सबै साझेदारहरुलाई स्वागत गरी विकासलाई साझेदारीमा अगाडी बढाउने नीति अख्तियार गरिनेछ ।
- निर्धारित समयभित्र काम सम्पन्न नगर्ने उपभोक्ता समिति वा निर्माण कम्पनी वा अन्य संस्थालाई कारवाही गरिनेछ
- आन्तरिक आय प्रवद्र्धनका लागि निर्मित कानून र कार्याविधिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

- गाउँकार्यपालिकाको समग्र विकासका लागि सहायता जुटाउन संघीय र प्रदेश सरकार, दातृ निकाय, कुटनीतिक नियोग, समाजसेवी, साझेदार संस्था सबैसँग निरन्तर सहकार्य गरिनेछ ।
- विकास योजनलाई सहभागितामूलक बनाउन र लागत कम गरी उच्चतम विकास हासिल गर्न समपूरक कोषमार्फत विभिन्न योजनाहरु संचालनमा ल्याइनेछ ।
- अनुगमन तथा मूल्यांकन कार्यलाई नियमित, व्यवहारिक, वास्तविक, नतिजामुखी र मापनयोग्य बनाईनेछ ।
- गाउँकार्यपालिकाको कार्यालय र मातहतका निकायको यसै आर्थिक वर्षमा O&M सर्वेक्षण गर्नेकार्य अगाढि बढाईनेछ ।
- मौजुदा नीति नियम तथा सेवा प्रवाहको प्रक्रियाका सन्दर्भमा जनप्रतिनिधि तथा कर्मचारी बिच अन्तक्रि्रयात्मक अभिमूखिकरण कार्यक्रम संचालन गरिरनेछ ।
- समान कामका लागि समान ज्यालाको मान्यता अनुरुप कर्मचारीको सेवा सुविधामा सकभर एकरुपता ल्याइनेछ ।
- सेवाग्राही सन्तुष्टी सर्वेक्षण फारमको नतिजाको आधारमा कर्मचारीको कार्यसम्पादन मूल्यांकन गरिनेछ ।
- गाउँपालिका भित्र जनताको गुनासो संकलन गर्न गाउँपालिकामा गुुनासो सुनवाई कक्षको स्थापना गरिनेछ ।
- आन्तरिक राजस्व विधुतीय माध्यमबाट संकलन गरिने छ
- प्रत्येक वडामा अर्धवार्षिक सार्वजनिक सुनुवाई र समिक्षा अनिवार्य गरिने छ
- लैंगिक हिंसा निवारण कोष स्थापना गरिने छ
- जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका कार्यक्रम संचालन गरिने छ
- आयोजना बैङ्क , मध्यकालीन खर्च संरचना निर्माण गरि कार्यान्वयनमा लगिनेछ ।
- पालिका भित्र सञ्चालनमा रहेका सार्वजनिक यातायातको भाडा दरमा एकरुकता ल्याउन आवश्यक समन्वय गरिनेछ ।

## (६) विविध

### (क) भुमीः

- गाउँपालिकाभित्रको बाँझो रहेको निजी तथा सार्वजनिक जग्गाको सदुपयोग गर्ने निती अवलम्बन गरिनेछ ।
- बढ्दो भूमी अतिक्रमण नियन्त्रण गर्ने निती अवलम्बन गरिनेछ ।
- गुठी जग्गा ब्यवस्थापनका लागी आबश्यक पहल लिईनेछ ।
- डिजिटल जग्गा नापजाँच गर्न आवश्यक पहल गरिनेछ ।
- दर्ता जग्गा लामो समयसम्म वाझो राख्ने जग्गा धनिलाइ जरिवाना तथा ठुलो क्षेत्रफलमा ब्यवसयीक कृषी गर्ने कृषकलाइ करमा सहुलियत दिइने निती अवलम्वन गरिने छ ।
- भुमि वैङ्कको स्थापना गरिनेछ ।
- हलियाको तथ्यांक संकलन अध्यावधिक गरिने छ ।
- भूमिहीन, दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासलाई जग्गा धनि पुर्जा वितरण कार्यका लागि अवश्यक समन्वय गरिने छ ।

### (ख) अन्य

- यस गाउँपालिका भित्र कार्यक्रम रहेका गै.स.स.हरुलाई गाउँ सभाबाट कार्यक्रम स्वीकृत गराएर मात्रै सञ्चालन गराइनेछ ।
- आ.व २०७९/०८० सम्म कायम बेरुजुलाई रुजु गर्ने र आगामी आ.व मा पनि बेरुजु शुन्य निति अवलम्बन गरिनेछ ।
- गै.स.स.का कार्यक्रमहरुलाई नियमन तथा अनुगमनको दायरामा ल्याइनेछ ।
- उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधी, कर्मचारी, विषयगत शाखा, वडा कार्यालय, शिक्षक, उपभोक्ता समिति, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मि, विद्यार्थी र विद्यालयलाई पुरस्कृत गरि प्रोत्साहन गर्ने निती अवलम्वन गरिने छ ।
- गाउँपालिकाको सेवा प्रवाहलाई सुदृढिकरण गर्नका लागि गा.पा अध्यक्ष र प्र.प्र.अ., वडा अध्यक्ष बिच कार्य सम्पादन करार गर्ने कार्यलाई निरन्तरता

दिईनेछ । साथै विषयगत शाखा, स्वास्थ्य संस्था, वडा कार्यालय, विद्यालय र प्र.प्र.अ बिच कार्य सम्पादन करार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- सरकारी तथा गैह्रसरकारी तवरबाट यस गाउँपालिका भित्र संचालन हुने समान प्रकृतीका गतिविधीहरुलाई एकिकृत रुपमा लागु गरिनेछ ।
- वडाहरुमा टोल विकास संस्था गठन मार्फत जनसहभागीता अभिबृद्धी गर्ने नितिलाई निरन्तरता दिइने छ ।
- योजनालाइ अनुदानमा आधारीत नभै अभियानमा आधारीत वनाइने छ ।
- टोल विकास संस्थालाई अभिमुखिकरण गरि प्रभावकारि वनाइनेछ ।
- जेष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ ।
- सहभागीतामुलक विकाशको मोडललाई अनुसरण गरिनेछ ।
- दशैं तिहारमा संचालन गरिने सुफत मुल्य पसल लाई निरन्तरता दिदै नयाँ वर्षमा पनि थप गरीनेछ ।
- गत विगतमा भएका सम्पूर्ण योजना तथा अनुदान प्राप्त लाभग्राहिको प्रभावकारी अनुगमन गरिने छ ।
- अजयमेरु गाउँपालिकाको अधिकारिक निसाना छाप कार्यान्वयनमा ल्याईनेछ

## (ग) स्थानीय न्यायिक समिति

- नेपालको संविधानले परिकल्पना गरेको स्थानीय न्यायीक समिती लाई प्रभावकारी बनाउन थप क्षमता विकास र संस्थागत विकास गर्न पहल गरिनेछ ।
- स्थानीय न्यायीक समितीका न्यायीक क्रियाकलापलाई व्यवस्थीत तथा प्रभावकारी बनाउनका लागि छुट्टै न्यायीक कक्षको व्यवस्था गरिनेछ ।
- न्यायीक समितिमा छुट्टै कर्मचारीको व्यवस्था गरि न्यायीक समितिलाई थप प्रभावकारी बनाईनेछ ।
- न्यायिक समितिका लागी कानुनी सल्लाहाकारको व्यवस्था गरीनेछ ।
- सामुदायीक मेलमीलाप कार्यकर्ता लाई आधारभुत र पूनरर्ताजकी तालीम संचालन गरी मेलमीलापको नीति अवलम्वन गरिनेछ ।

- मेलमिलाप केन्द्रलाई थप ब्यबस्थापन गरि सुदृढ बनाइनेछ ।
- लक्षित समुदायका ब्यक्तीहरुको कानुनमा पहुच बढाउन अभिमुखीकरण कार्यक्रम गरिनेछ ।
- सामाजिक विवाद तथा द्धन्द्ध न्यूनिकरण एवं न्यायिक निरुपणका लागि न्यायिक समिति मार्फत सरोकारवालाहरु संग विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- हरेका वडामा मेलमिलाप समितिहरु मार्फत मेलमिलापकर्ताहरुको सहजीकरणमा स्थानीय विवादहरुको न्यायोचित समाधान गरिनेछ ।
- विभेदरहित, शान्त, सुरक्षित र सहिष्णु समाजको निर्माणमा न्यायिक समितिको सक्रियता बढाइनेछ ।
- प्रत्येक माध्यमिक र आधारभुत विद्यालयहरुमा कानुन सम्वन्धी सचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय स्तरमा रहेका अन्तर व्यक्ति विवाद समाधानको लागि मेलमिलाप प्रक्रिया, बहुसरोकारबाला विवाद रुपान्तरणका लागि माकुरा विधि र सार्वजनिक चासोका सवालहरु समाधानका लागि संवाद विधिको अवलम्बन गरिनेछ।
- मेलमिलाप तथा बहु सरोकारबाल द्वन्द्व रुपान्तरणका क्षेत्रमा कार्यरत व्यक्ति, संघ संस्थाहरूलाई समेत सहभागिता गराईने नीति अबलम्बन गरी गाउँ तथा वडा स्तरिय मेलमिलाप केन्द्र स्थापना गरिनेछ।
- मेलमिलाप तथा बहुसरोकारबाला द्वन्द्व रुपान्तरणका लागि दक्ष जनशक्तिको उत्पादन तथा परिचालनका साथै न्यायिक समितिको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- न्यायीक समितिका पदाधिकारी र वडा अन्तर्गतका मेलमिलापकर्ताहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन अन्तरसमिति भ्रमण र क्षमता विकास कार्यलाई निरन्तरता दिईनेछ ।
- अजयमेरु गाउँपालिकालाई पूर्णरुपमा सडक मानव मुक्त पालिका बनाउनका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

- बसाईसराई रोकथामका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

**अन्त्यमा,**

यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा बिस्तार हुने, नागरिकहरुलाई नजिकबाट सेवा प्रवाह गरी सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सुचक हरु(शिक्षा,स्वास्थ्य,कृषि,भौतिक पुर्वाधार, सरसफाई खानेपानी) उल्लेखनीय प्रगती हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, राज्यले लिएका निति र दिगो विकासका लक्ष्य, विभिन्न रणनितीक लक्ष्य तथा नेपाल सरकारकोसोह्रौं पन्च वर्षिय योजना, सुदुरपश्चिम प्रदेशकोप्रथम पञ्च बर्षिय योनजा,गाउँपालिकाको प्रथम आवधिक योजनाको लक्ष्य प्राप्तीमा महत्वपूर्ण भुमिका निवार्ह गर्ने अपेक्षा गरेको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम वनाउन सहयोग गर्नुहुने यस गाउपालिकाका उपाध्यक्ष ज्यु वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँ सभाका सदस्यज्यूहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितीका सदस्यज्यूहरु, बजेट पुर्व तयारी छलफलका क्रममा विभिन्न माध्यमबाट आ आफ्नो क्षेत्रबाट सुझाब तथा सहयोग गर्न राजनितीक दल ,राष्ट्र सेवक कर्मचारी, संघ तथा प्रदेशका विभिन्न कार्यालय,नीजी क्षेत्रका संगठनहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज तथा सामुदायिक संस्था, शिक्षक, सामाजिक संगठनहरु पत्रकार, टोल विकास संस्थाहरु र सम्पुर्ण नागरिकहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै निती तथा कार्यक्रमका सफल र परिणाममुखि कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

**धन्यबाद**

**अध्यक्ष**

**उमेश प्रसाद भट्ट (विकास)**

**अजयमेरु गाउँपालिका**